*"समुन्नत ठाकुरबाबा: सबल नगरवासी"*

# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**बर्दिया, लुम्बिनी प्रदेश, नेपाल**

# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८०/८१-२०८४/८५)

# प्रतिवेदन

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

फोननम्बर : ९६६०८४४२००५
इमेल : thakurbabamun@gmail.com np

## मन्तव्य



सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक - आर्थिक पूर्वाधारको निर्माणमार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न ठाकुरबाबा नगरपालिका निरन्तर कृयाशिल रहेको छ जसका लागि मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण औजारको रुपमा रहेको हुन्छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ । उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा ठाकुरबाबा नगरपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो । यस कार्यका लागि सहयोग पुऱ्याउनु हुने उप प्रमुख ज्यु, वडाध्यक्ष ज्युहरु, नगरपालिकामा कार्यरत कर्मचारीहरु लगायत प्रमुख प्रशासकिय अधिकृत सबैलाइ हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**तिलक राम लम्साल**
**नगर प्रमुख**

फोननम्बर : १६६०८४४२००५
इमेल : thakurbabamun@gmail.com np

# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

## शब्द-शुभेच्छा



नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्गानिर्देशक दस्तावेजको रुपमा लिदै ठाकुरबाबा नगरपालिकाले यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ । यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा ठाकुरबाबा नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ ।

चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरिएको यो मध्यमकालीन खर्च संरचना ठाकुरबाबा नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धी सूचक निर्माण गरी तयार गरिएको छ । यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ । यो मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको सुशासन कायम गर्ने कार्यमा थप सहयोग पुऱ्याउने आशा व्यक्त गर्दै यसको निर्माणमा सघाउ पुऱ्याउनु हुने नगरपालिका प्रमुख सहित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**विना कुमारी भट्टराई**

**उप-प्रमुख**

फोननम्बर : ९६६०८४४२००५
इमेल : thakurbabamun@gmail.com np

# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

## मेरो भन्नु



आवधिक योजना र वार्षिक बजेट विच तादम्यता ल्याउने एक महत्वपुर्ण आर्थिक औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिने गरिन्छ । जुन सीमित स्रोत र साधनलाई सरकार सञ्चालन, सेवाप्रवाह र विकास कार्यहरूमा बाँडफाँड गर्ने तीनवर्षीय चक्रीय योजना हो । यसमा नगर पालिकाको बजेट र आवधिक योजनाको आधारमा आगामी तीन वर्षमा गरिने आम्दानी र खर्चका क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलाप समावेश गरिएको हुन्छ र प्रत्येक कार्यक्रम र आयोजनाको प्रतिएकाइ लागतसहितको खर्चको प्रक्षेपण समेत समावेश गरिएको हुन्छ ।

नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ को आधारमा तयार गरिएको यो मध्यमकालीन खर्च संरचनाले ठाकुरबाबा नगरपालिकाको आर्थिक सुशासन कायम राख्न सघाउ पुऱ्याउने अपेक्षा सहित यसको तयारीको क्रममा महत्वपुर्ण सुझाव तथा निर्देशन दिनुहुने नगर प्रमुखज्यु, उप-प्रमुखज्यु र वडाध्यक्षज्युहरू साथै तयारी कार्यमा लाग्नुहुने नगरपालिकामा कार्यरत कर्मचारीहरु लगायत तयारीको लागि प्राविधिक सहयोग पुऱ्याउने बजार विकास केन्द्रलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**रामहरि रिजाल**
**प्रमुख प्रशासकिय अधिकृत**

# विषयसूची

**परिच्छेद - १: परिचय** १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.४ तर्जुमा प्रक्रिया ३

**परिच्छेद - २: मध्यमकालीन खर्च संरचना** ५

२.१ पृष्ठभूमि ५

२.२ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ९

**परिच्छेद - ३: आर्थिक क्षेत्र** १४

३.१ भूमि व्यवस्थापन (भू-उपयोग) १४

३.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी १५

३.३ सहकारी २२

३.४ पर्यटन २३

३.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति २६

३.६ बैङ्क तथा वित्तीय क्षेत्र २८

३.७ गरीबी निवारण ३०

**परिच्छेद - ४: सामाजिक क्षेत्र** ३५

४.१ शिक्षा, विज्ञान तथा प्रविधि ३५

४.२ स्वास्थ्य ३८

४.३ संस्कृति, भाषा, कला तथा साहित्य ४१

४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ४३

४.५ बालबालिका ४६

४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार ४८

४.७ खेलकुद तथा मनोरञ्जन ४९

४.८ सामाजिक सुरक्षा ५१

४.९ शान्ति सुरक्षा ५२

४.१० शवदाहस्थल तथा चिहान व्यवस्थापन ५३

**परिच्छेद - ५: पूर्वाधार विकास** ६२

५.१ खानेपानी तथा सरसफाई ६२

५.२ सिंचाई ६४

५.३ ऊर्जा ६६

५.४ सडक तथा यातायात ६७

५.५ आवास, भवन तथा वस्ती विकास ६९

५.६ सूचना तथा सञ्चार ७१

**परिच्छेद - ६: वातावरण तथा विपद व्यवस्थापन** **७५**
६.१ वन तथा भू-संरक्षण ७५
६.२ जलाधार व्यवस्थापन ७६
६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन ७८
६.४ वातावरण संरक्षण ७९
**परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन** **८३**
७.१ सुशासन तथा सेवा प्रवाह ८३
७.२ मानव अधिकार तथा सामाजिक न्याय ८५
७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ८६

# तालिम सूची


**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ६

**तालिका नं. २:** नगरपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य र गन्तव्य ७

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण ८

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ९

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १०

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ११

**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना आवधिक योजना र सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेट बीच तादात्म्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ। यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनमा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ। कार्यान्वयन ईकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ। सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक - आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा ठाकुरबाबा नगरपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

यो मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा ठाकुरबाबा नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ। ठाकुरबाबा नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्गनिर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत र साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक - आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ। यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ। मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमान तर्फ आन्तरिक राजस्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ। समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ। कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै नगरपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ। यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासन प्रभावकारी बनाउदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार छन्:-

१. ठाकुरबाबा नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ:

१. प्रस्तावित योजनाको उद्देश्य,
२. प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

### १.३.१ संस्थागकत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ:-

### १.३.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्यदललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने ।

### १.३.३ मध्यमकालीन खर्च संरचना कार्यदल

नगरपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्य दल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

मध्यमकालीन खर्च संरचना तयारी गर्दा कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

### १.३.४ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शन भित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन : प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलवा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गर्दछन् ।

१. कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण ।

२. विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार ।

३. कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश ।

## १.४ तर्जुमा प्रकिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | कार्यदल/विषयगत समिति |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

स्थानीय सरकारले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ। पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१) तथा **लुम्बिनी प्रदेशको आवधिक योजना (२०७६/७७- २०८०/८१)** ले तय गरेका सोचहरु क्रमश: *समृद्ध नेपाल र सुखी नेपाली* तथा "समृद्ध प्रदेश: खुशी जनता"को सोचलाई यथार्थमा परिणत गराउन ठाकुरबाबा नगरपालिकाले "पश्चिम नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत ठाकुरबाबा नगर" को सोच सहित प्रथम आवधिक योजना (२०८०/८१– २०८४/८५) तर्जुमा गरेको छ। त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८०/८१- २०८२/८३) तयार गरिएको छ।

ठाकुरबाबा नगरपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा ठाकुरबाबा नगरपालिकाले तर्जुमा गरेको प्रथम आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ। यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ। आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ।

| दीर्घकालीन सोच |
|---|
| "पश्चिम नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत ठाकुरबाबा नगर" |
| **लक्ष्य** |
| भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यवसायिक पर्यटन र कृषिको विकास मार्फत कृषिमा आधारित उद्योगको स्थापना गरी आर्थिक सम्वृद्धि हासिल गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ कृषि, उद्योग, पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरुको विकास मार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु।<br>✓ न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु।<br>✓ विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु।<br>✓ पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु।<br>✓ सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु। |

| १. प्रमुख रणनीतिहरु |
|---|
| ▪ आर्थिक क्षेत्रका मूल स्तम्भहरु जस्तै कृषि, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरुलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने। |
| ▪ हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रुपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने। |

| १. प्रमुख रणनीतिहरु |
|---|
| ▪ सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने । |
| ▪ सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने । |
| ▪ विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने । |
| ▪ जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने । |

## मध्यमकालीन आर्थिक खाका

नगरपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यवसायिक कृषि, उद्योग र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७७/७८ सम्मको वास्तविक उपलब्धि | आ.व. २०७९/८० को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४* | ८.८८ | ९.७७ | १०.७४ | ११.८२ |
| २ | उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | - | - | - | - |
| ३ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२* | १४.५६ | १३.१० | ११.७९ | १०.६१ |
| ४ | बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९* | २३.९२ | २१.५३ | १९.३८ | १७.४४ |
| ५ | प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३* | ९६३.६ | १०५९.९६ | ११६५.९६ | १२८२.५५ |

** लुम्बिनी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को तथ्याङ्क*

## मध्यमकालीन नतिजा खाका

संघिय सरकारको पन्धौ आवधिक योजना, लुम्बिनी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, ठाकुरबाबा नगरपालिकाको पार्श्वचित्र तथा ठाकुरबाबा नगरपालिकाको प्रथम आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस नगरपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ । यस अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को वास्तविक उपलब्धि २०७८/७९ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ ।

**तालिका नं. २:** नगरपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य र गन्तव्य

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७६/७७ को वास्तविक उपलब्धि | आ.व. २०७९/८० को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४* | ८.८८ | ९.७७ | १०.७४ | ११.८२ |
| २ | उपभोक्ता मूल्य वृद्धिदर ( प्रतिशत) | - | - | - | - | - |
| ३ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२* | १४.५६ | १३.१० | ११.७९ | १०.६१ |
| ४ | बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९* | २३.९२ | २१.५३ | १९.३८ | १७.४४ |
| ५ | प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३* | ९६३.६ | १०५९.९६ | ११६५.९६ | १२८२.५५ |
| ६ | बेरोजगारीको दर (प्रतिशत) | ११.२* | ८.९६ | ८.०६ | ७.२६ | ६.५३ |
| ७ | जन्मदाको अपेक्षित आयु ( वर्ष) | ६९.३* | ८३.१६ | ९१.४८ | १००.०० | १००.०० |
| ८ | साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८* | ६९.६ | ७६.५६ | ८४.२२ | ९२.६४ |
| ९ | बाल मृत्युदर (प्रति हजारमा) | ४५* | ३६ | ३२.४० | २९.१६ | २६.२४ |
| १० | माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७* | ८९.६४ | ९८.६० | १००.०० | १००.०० |
| ११ | खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३* | ९९ | १००.०० | १००.०० | १००.०० |
| १२ | विद्युत सेवा पुगेका जनसंख्या (प्रतिशत) | ८१.०३* | ९९ | १००.०० | १००.०० | १००.०० |
| १३ | सिंचित क्षेत्र (प्रतिशत) | ५१* | ६१.२ | ६७.३२ | ७४.०५ | ८१.४६ |
| १४ | सडकको लम्बाइ ( कि.मि.)± | ११२३३* | १३४७९.६ | १४८२७.५६ | १६३१०.३२ | १७९४१.३५ |
| १५ | पक्की सडकको अंश प्रतिशत | १७* | २०.४ | २२.४४ | २४.६८ | २७.१५ |
| १६ | इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४* | ५९.२८ | ६५.२१ | ७१.७३ | ७८.९० |

** लुम्बिनी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को तथ्याङ्कमा आधारित ± यस तथ्याङ्कमा स-साना शहरी तथा स्थानीय तहभित्रका सडकको तथ्याङ्क समावेश छैन ।*

## मध्यमकालीन बजेट खाका

ठाकुरबाबा नगरपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी नगरपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने रकमलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| विवरण | आ.व. २०७९/८० को | आ.व. २०८०/८१ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | यथार्थ | | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| बजेट अनुमान | ८७६४८२१०५.०० | ७९२७२२९०४.०० | ८७१९९५१९४.४ | ९५९१९४७१३.८ | १०५५११४१८५ |
| चालु खर्च | ४८०४३१२९७.०० | ५२२४१०४८८.०२ | ५७४६५१५३६.८ | ६३२११६६९०.५ | ६९५३२८३५९.६ |
| पुँजीगत खर्च | ३९६०५०८०८.०० | २७०३१२४१५.९८ | २९७३४३६५७.६ | ३२७०७८०२३.३ | ३५९७८५८२५.७ |
| आय अनुमान | ७०१८४००००.०० | ६५७७२२९०४.०० | ७२३४९५१९४.४ | ७९५८४४७१३.८ | ८७५४२९१८५.२ |
| आन्तरिक आय | ५१८०००००. | ५२००००००. | ५७२००००० | ६२९२०००० | ६९२१२००० |
| राजस्व बाँडफाँट बाट प्राप्त रकम | १४२९२९०००. | १३८३३६९०४. | १५२१७०५९४.४ | १६७३८७६५३.८ | १८४१२६४१९.२ |
| क. नेपाल सरकार | ४६०५२६०००. | ४३२८०००००. | ४७६०८०००० | ५२३६८८००० | ५७६०५६८०० |
| ख. प्रदेश सरकार | ४६५८५०००. | ३४५८६०००. | ३८०४४६०० | ४१८४९०६० | ४६०३३९६६ |
| रोयल्टी बाँडफाँट | ० | | ० | ० | ० |
| क. वन रोयल्टी | ० | | ० | ० | ० |
| नेपाल सरकार वित्तीय हस्तान्तरण | ४६०५२६०००.०० | ४३२८०००००.०० | ४७६०८०००० | ५२३६८८००० | ५७६०५६८०० |
| क. वित्तीय समानीकरण अनुदान | १५३६०००००. | १३३१०००००. | १४६४१०००० | १६१०५१००० | १७७१५६१०० |
| ख. सशर्त अनुदान (चालु) | २४२६७६०००. | २३५२०००००. | २५८७२०००० | २८४५९२००० | ३१३०५१२०० |
| ग. सशर्त अनुदान (पुँजीगत) | ५४२५००००. | ३१५००००० . | ३४६५०००० | ३८११५००० | ४१९२६५०० |
| घ. विशेष अनुदान (पुँजीगत) | ० | ११५०००००. | १२६५०००० | १३९१५००० | १५३०६५०० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | १००००००० . | २१५०००००. | २३६५०००० | २६०१५००० | २८६१६५०० |
| प्रदेश सरकार वित्तीय हस्तान्तरण | ४६५८५०००. | ३४५८६०००. | ३८०४४६०० | ४१८४९०६० | ४६०३३९६६ |
| क. वित्तीय समानीकरण अनुदान | ८५८५०००. | ९९३६०००. | १०९२९६०० | १२०२२५६० | १३२२४८१६ |
| ख. सशर्त अनुदान (चालु) | ११००००००. | १५००००. | १६५००० | १८१५०० | १९९६५० |
| ग. सशर्त अनुदान (पुँजीगत) | ० | ९५०००००. | १०४५०००० | ११४९५००० | १२६४४५०० |
| घ. विशेष अनुदान (पुँजीगत) | ७००००००. | ० | ० | ० | ० |
| ङ. समपुरक अनुदान (पुँजीगत) | | | ० | ० | ० |

| विवरण | आ.व. २०७९/८० को | आ.व. २०८०/८१ को विनियोजित बजेट | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | यथार्थ | | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| च. समपुरक अनुदान (चालु) | २००००००००.00 | १५००००००.00 | १६५०००००० | १८१५००००० | १९९६५००० |
| आन्तरिक ऋण | ० | ० | ० | ० | |
| अन्य अनुदान | ० | ० | ० | | |
| जनसहभागिता | ० | ० | ० | | |
| अन्तर स्थानीय तह साझेदारी रकम | ० | ० | ० | | |
| मौज्दात रकम | | | | | |
| कुल | | | | | |
| बचत (-) न्यून () | | | | | |

## २.२ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.४.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आगामी आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | ४६०१४००० | ५.५ | ४८१०२७१७. | ६.०७ | ५२९१२९८९ | ६.०७ | ५८२०४२८८ | ६.०७ | ६४०२४७१६ | ६.०७ |
| २ | सामाजिक विकास | २८८७६६८९० | ३४.४९ | ३५१३०४७८२. | ४४.३२ | ३८६४३५२६० | ४४.३२ | ४२५०७८७८६ | ४४.३२ | ४६७५८६६६५ | ४४.३२ |
| ३ | पूर्वाधार विकास | ३३७९७०८०८ | ४०.३७ | २३७७२४७०७. | २९.९९ | २६१४९७१७८ | २९.९९ | २८७६४६८९५ | २९.९९ | ३१६४११५८५ | २९.९९ |

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आगामी आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५०७९९३६१ | ६.०७ | २२३७७६६०. | २.८२ | २४६१५४२६ | २.८२ | २७०७६९६९ | २.८२ | २९७८४६६५ | २.८२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११३७०५०४६ | १३.५८ | १३३२१३०३८. | १६.८० | १४६५३४३४२ | १६.८० | १६११८७७७६ | १६.८० | १७७३०६५५४ | १६.८० |
| कुल जम्मा | | ८३७२५६१०५ | १०० | ७९२७२२९०४. | १००.०० | ८७१९९५१९४ | १००.०० | ९५९१९४७१४ | १००.०० | १०५५११४१८५ | १००.०० |

## २.४.२. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकिकरण तथा सांकेतिकरणको आधारमा नगरपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | ८३ | ६७५९३८६९८ | ८०.९१ | ६५५५८१८४१.६० | ८२.७ | ७२११४००२५.७६ | ८२.७० | ७९३२५४०२८.३४ | ८२.७० | ८७२५७९४३१.१७ | ८२.७० |
| दोस्रो | ७० | १५९५१७४०७ | १९.०९ | १३७१४१०६२.४० | १७.३ | १५०८५५१६८.६४ | १७.३० | १६५९४०६८५.५० | १७.३० | १८२५३४७५४.०५ | १७.३० |
| **कुल जम्मा** | | ८३५४५६१०५ | १००.०० | ७९२७२२९०४.०० | १०० | ८७१९९५१९४.४० | १००.०० | ९५९१९४७१३.८४ | १००.०० | १०५५११४१८५.२२ | १००.०० |

## २.४.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | गरिबीको अन्त्य | ४७०८१३.७७ | ०.०७ | ० | ० | ० | ० | ०० | ० | ० | ० |
| २. | शून्य भोकमरी | ३८८२०.५५ | ०.००६ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३. | स्वस्थ जीवन | १०२६३७४०२.९३ | १५.२६ | ६०९९७१४७ | १०.२२ | ६७०९६८६१.७ | १०.२२ | ७३८०६५४७.८७ | १०.२२ | ८११८७२०२.६६ | १०.२२ |
| ४. | गुणस्तरीय शिक्षा | १६२९०१५६६.१२ | २४.२२ | २५२६२८२७० | ४२.३२ | २७७८९१०९७ | ४२.३२ | ३०५६८०२०६.७ | ४२.३२ | ३३६२४८२२७.४ | ४२.३२ |
| ५. | लैङ्गिक समानता | २३५४०६८८.७५ | ३.५० | ४५९७५०० | ०.७७ | ५०५७२५० | ०.७७ | ५५६२९७५ | ०.७७ | ६११९२७२.५ | ०.७७ |
| ६. | स्वच्छ पानी र सरसफाई | २७२३९९३९.८३ | ४.०५ | ११६५००० | ०.२० | १२८१५०० | ०.२० | १४०९६५० | ०.२० | १५५०६१५ | ०.२० |
| ७. | दिगो र आधुनिक उर्जामा पहुँच | १६७४७५१८.५६ | २.४९ | ६४८०००० | १.०९ | ७१२८००० | १.०९ | ७८४०८०० | १.०९ | ८६२४८८० | १.०९ |
| ८. | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ६०५३३२.०० | ०.०९ | | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ९. | उद्योग, नवीन खोज र पूर्वाधार | १९८०७८०८१.०१ | २९.४५ | १०५१६८६१३.५ | १७.६२ | ११५६८५४७४.९ | १७.६२ | १२७२५४०२२.३ | १७.६२ | १३९९७९४२४.६ | १७.६२ |
| १०. | असमानता न्यूनीकरण | ३३६२९५५.५४ | ०.५० | | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ११. | दिगो शहर र बस्तीहरु | ४५०३३५५९.७६ | ६.७० | १३८३५०४०३ | २३.१७ | १५२१८५४४३.३ | २३.१७ | १६७४०३९८७.६ | २३.१७ | १८४१४४३८६.४ | २३.१७ |
| १२. | दिगो उपभोग र उत्पादन | ७४७१२५४३.८४ | ११.११ | २४१५८००० | ४.०५ | २६५७३८०० | ४.०५ | २९२३११८० | ४.०५ | ३२१५४२९८ | ४.०५ |
| १३. | जलवायु परिवर्तन अनुकूलन | ८५३२४१४.१७ | १.२७ | २४००००० | ०.४० | २६४०००० | ०.४० | २९०४००० | ०.४० | ३१९४४०० | ०.४० |
| १४. | सामुद्रिक स्रोतको उपयोग | ०.०० | ०.०० | | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५. | भूसतह स्रोतको उपयोग | ०.०० | ०.०० | | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६. | शान्ति, न्याय र सबल संस्था | २९५९४००.८७ | ०.४४ | १०६०००० | ०.१८ | ११६६००० | ०.१८ | १२८२६०० | ०.१८ | १४१०८६० | ०.१८ |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १७. | दिगो विकासका लागि साझेदारी | ५७१७०२४.४१ | ०.८५ | | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| | **कुल जम्मा** | ६७२५७८०६२.१० | १००.०० | ५९७००४९३३.५ | १००.०० | ६५६७०५४२६.९ | १००.०० | ७२२३७५९६९.५ | १००.०० | ७९४६१३५६६.५ | १००.०० |

## २.४.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १. | प्रत्यक्ष लाभ | १२३१००० | ४५.४९ | १९८६५७९.७५ | ४३.२१ | २१८५२३७.७३ | ४३.२१ | २४०३७६१.५० | ४३.२१ | २६४४१३७.६५ | ४३.२१ |
| २. | अप्रत्यक्ष लाभ | १४७५००० | ५४.५१ | २६१०९२०.२५ | ५६.७९ | २८७२०१२.२८ | ५६.७९ | ३१५९२१३.५० | ५६.७९ | ३४७५१३४.८५ | ५६.७९ |
| ३. | तटस्थ | ० | ०.०० | ० | ०.०० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० |
| | जम्मा | २७०६००० | १०० | ४५९७५०० | १००.०० | ५०५७२५०.०० | १०० | ५५६२९७५.०० | १०० | ६११९२७२.५० | १०० |

## २.४.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व.२०८०/८१ को संशोधित अनुमान | | आ.व. २०८१/८२ को विनियोजन | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | १७७९२६७ | ९५.७० | २२१४८१ | ९२.२८ | २४३६२९.१ | ९२.२८ | २६७९९२.०१ | ९२.२८ | ५३५९८४.०२ | ९२.२८ |
| | अप्रत्यक्ष लाभ | ८०००० | ४.३० | १८५१९.५ | ७.७२ | २०३७१.४५ | ७.७२ | ४०७४२.९ | ७.७२ | ४४८१७.१९ | ७.७२ |
| | तटस्थ | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| | जम्मा | १८५९२६७ | १०० | २४००००.५ | १००.०० | २६४०००.५५ | १००.०० | ५२८००१.१ | १००.०० | ५८०८०१.२१ | १००.०० |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ भूमि व्यवस्थापन (भू-उपयोग)

### पृष्ठभूमि

समुद्री सतहबाट १४४ मिटर देखि २१४ मिटरको उचाइमा रहेको यस नगरपालिकाको जमिन विशाल गंगा नदी प्रणालीले निर्माण गरेको समथर तराईको उर्वर क्षेत्र हो । यसर्थ यो समथर भू-भाग पाँगो र बालुवा मिश्रित उर्वर भूमि अन्तर्गत पर्दछ। कुल १०४.५७ वर्ग कि.मी. क्षेत्रफल मध्ये खेतीयोग्य जमिनले सबैभन्दा बढी अर्थात ४७.८० प्रतिशत जमिन ओगटेको छ। यसैगरी वनजंगलले ३८.६९ प्रतिशत जमिन ओगटेको छ भने आवास क्षेत्रले ६.६० प्रतिशत ओगटेको छ। खोलानाला तथा नहरले ५.८४ प्रतिशत भू-भाग ओगटेको छ। व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ।

### समस्या तथा चुनौती

परम्परागत खेती प्रणाली, सार्वजनिक जग्गाको अतिक्रमण, नदी कटान, जमिनको बहुउपयोग सम्बन्धी सोचको अभाव जस्ता समस्या तथा चुनौतीको विद्यमानता रहेको छ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| भू स्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक समृद्धि हासिल गर्ने । |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

### रणनीति

१. राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने ।
२. खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने ।
३. जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने ।
४. जग्गा चक्लाबन्दी गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली र भूमि अभिलेख प्रणालीको विकास | जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली र भूमि अभिलेख प्रणालीको विकास | ०८०/८१-०८२/८३ | ५०० | ० |
| २ | नक्सापासम्बन्धी कागजहरुको Digitization | नक्सा Digitization | ०८०/८१-०८२/८३ | ३०० | २०० |
| ३ | भूमि बैङ्क स्थापना | भूमि बैङ्क स्थापना | ०८०/८१-०८२/८३ | १५०० | ० |
| ४ | जग्गा चक्लाबन्दी गर्न र करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | लगत संकलन | ०८०/८१-०८२/८३ | १०० | ० |
| ५ | सामुहिक खेती अभिमुखिकरण तथा तालिम | तालिम | ०८०/८१-०८२/८३ | ६० | ० |
| ६ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | कार्ययोजना निर्माण | ०८०/८१-०८२/८३ | १०० | ० |
| ७ | जग्गा चक्लाबन्दी अभिमुखीकरण कार्यक्रम | अभिमुखीकरण | ०८०/८१-०८२/८३ | ११० | ० |
| ८ | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | समूह गठन | ०८०/८१-०८२/८३ | १०० | ० |
| ९ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तरक्रिया | अन्तरक्रिया | ०८०/८१-०८२/८३ | १०० | ० |
| १० | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | अनुदान वितरण | ०८०/८१-०८२/८३ | २५०० | ० |

## जोखिम पक्ष तथा अनुमान

भूउपयोग योजना र भूमि बैंक निर्माण हुने, सिंचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहीन उर्वर जमिनमा करार खेती हुनेछ । उल्लिखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# ३.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

## पृष्ठभूमि

तराईको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो । यस पालिकाका ९ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरू छन् । समुद्र सहहबाट १४४ मिटर देखि २१४ मिटरको उचाइमा रहेको यो नगरपालिकाको ४७.८० प्रतिशत भू - भाग कृषि क्षेत्रले ओगटेको छ । यहाँका प्रमुख खाद्यान्न बालीहरू धान, गहुँ, मकै हुन् भने फलफूल बालीहरू केरा, आँप,

भूइँकटहर, अम्बा, लिची आदि हुन् । त्यसैगरी दलहन बालीहरू मसुरो, मास, रहरी आदि, तेलहन बालीहरू तोरी, तिल, सूर्यमुखी, आलस आदि, मसला बालीहरु खुर्सानी, अदुवा, लसुन, प्याज, धनिया, बेसार, कागती, मेवा लगायत उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरूको यहाँ प्रचुर मात्रामा उत्पादन हुने गरेको छ । नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकोले नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ ।

## समस्या तथा चुनौती

परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली, पर्याप्त सिंचाईको अभाव, समयमा कृषि मल, बिउ र सामाग्रीको उपलब्ध नहुन, कृषिको व्ययसायिकरण र कृषि उपजको बजारीकरण जस्ता समस्या र चुनौती रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वैज्ञानिक, व्यवसायिक, र उच्च प्रतिफल यूक्त निर्यातमुखी कृषि |
| **लक्ष्य** |
| नगरपालिकाको आर्थिक समृद्धिको मूल संवाहकको रुपमा कृषिको विकास |
| **उद्देश्यहरू** |
| ✓ व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु ।<br>✓ नमूना कृषि ग्रामको रुपमा विकास गर्नु ।<br>✓ वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।<br>✓ व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु । |

## रणनीति

१. व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने ।
२. उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने ।
३. कृषि पकेट क्षेत्रको विकास गर्ने ।
४. अत्यावश्यकिय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने ।
५. खाद्यान्न तथा मल भण्डारण तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने ।
६. सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गर्ने ।
७. कृषि बिमालाई प्रभावकारी बनाउने ।
८. असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने ।
९. सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने ।
१०. कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने ।
११. वातावरण मैत्री दिगो कृषि सम्बन्धी अभिमुखीकरण गर्ने ।
१२. नगरपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने ।
१३. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा “एक वडा एक कृषि” मा आधारित उद्योगको निर्माण गर्ने ।
१४. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने ।
१५. कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने ।

## जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यस नगरपालिकामा झाडी बुट्यान सहितको वनजंगल क्षेत्रले कूल भूभागको करिब ३८.६९ प्रतिशत भूभाग ओगटेका कारण विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । नगरपालिकामा विशेषगरी गुर्जो, बोजो, हर्रो, बर्रो, अमला, गुजरगानो, निम, तितेपाती, तुलसी, लेमन ग्रास, चाबुक, पिपला, सर्पगन्धा, असुरो, पानिअमला, सालधुप, कुरीलो, कुकुर दाईने, नागवेली, भलायो आदि जस्ता जडीबुटीहरू पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

### रणनीति

१. नगरपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।

२. कृषकलाई व्यवसायीक जडीबुटी उत्पादनको लागि प्रोत्साहन गरिने

३. कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायीकता प्रवर्द्धन गर्ने ।

## पशुपंक्षी विकास तथा मत्स्यपालन

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयूक्त हुने जातका गाई, भैंसी, बाख्रा, भेडा, बगुंर, कुखुरा, हाँस, ब्रोइलर कुखुरा, बट्टाई, मौरी लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ । पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । अर्कोतर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएतापनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक माछापालन भने यो नगरपालिका रहेको छैन । नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूल माछा पालन गर्न उपयूक्त देखिन्छ ।

### समस्या तथा चुनौती

पशुपंक्षी पालन कार्यलाई व्यवसायिक बनाउन नसकिनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, स्थानीय प्रजातीका पशुपंक्षी, माछाका संरक्षणको लागि पर्याप्त अध्ययन अनुसन्धान नहुनु जस्ता समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

| दीर्घकालीन सोच |
| --- |
| व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।<br>✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।<br>✓ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु । |

## रणनीति

१. पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने ।
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने ।
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने ।
४. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने ।
५. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| ब.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट(रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | वर्गिकरण बमोजिम परिचयपत्र वितरण | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| २ | व्यवसायीकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | व्यवसायीक क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | १००० | २५० |
| ३ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | कृषी शिक्षा प्रदान | २०८०/८१-२०८२/८३ | ३००० | ९०० |
| ४ | किसान समन्वय समिति गठन तथा परिचालन | कार्यक्रम कार्यान्वयनमा समन्वय | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ५ | बाँझो क्षेत्र तथा बगर खेती क्षेत्र पहिचान र विवरण संकलन | बाँझो तथा बगर क्षेत्र पहिचान | २०८०/८१-२०८२/८३ | ६०० | १५० |
| ६ | पकेट क्षेत्रस्तरीय स्रोतकेन्द्र निर्माण (च्याउ, बेसार पकेट/ब्लक विस्तार च्याउ ग्राम) | आवश्यक कृषि परामर्श तथा सेवा प्रदान | २०८०/८१-२०८२/८३ | २००० | ६०० |
| ७ | व्यवसायिक तथा बेमौसमी तरकारी खेती विस्तार एवं प्रविधि हस्तान्तरण | बेमौसमी खेती प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | १००० | २५० |
| ८ | च्याउको बीउमा लागत साझेदारीमा सहयोग | च्याउ उत्पादनमा सहायता | २०८०/८१-२०८२/८३ | २०० | ५० |
| ९ | रासायनिक मल माग, आपूर्ति तथ्याङ्क प्रणाली निर्माण र अनुदानित रासायनिक मल नियमन तथा व्यवस्थापन | रासायनिक मल अभिलेखीकरण र व्यवस्थापनमा सहजता | २०८०/८१-२०८२/८३ | ५०० | २०० |
| १० | प्राङ्गारीक तथा हरियो मल उत्पादन तालिम | प्राङ्गारिक कृषि उपज उत्पादनमा क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | ८०० | २०० |
| ११ | मकै, धान, गहुँ लगायत उन्नत बीउ खरिदमा मूल्य तथा उत्पादन प्रतिफलमा अनुदान | बीउमा साझेदारी | २०८०/८१-२०८२/८३ | ६००० | १६७५ |
| १२ | कृषि उपज वस्तु तथा बीउ भण्डारण प्रोत्साहन अनुदान | कृषि उपज भण्डारमा सहायता | २०८०/८१-२०८२/८३ | ५०० | १५० |
| १३ | कृषि उपज संकलन केन्द्र स्थापना | वडास्तरीय कृषि उपज संकलन | २०८०/८१-२०८२/८३ | ३००० | १५०० |
| १४ | मल, बीउ, विषादी आदिको प्रयोगसम्बन्धी कृषि शिक्षा प्रसारण | कृषि कार्यमा कृषकको क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | ३०० | १०० |
| १५ | सेवा केन्द्रस्तर माटो परीक्षण शिविर सञ्चालन | माटो परीक्षण सेवा प्रदान | २०८०/८१-२०८२/८३ | ६०० | २०० |

| ब.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट(रु हजारमा) |
|---|---|---|---|---|---|
| १६ | बेमौसमी तरकारी खेती विशेष तालिम | बेमौसमी खेतीमा क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | १५० | ५० |
| १७ | अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन | अर्गानिक खेतीमा वृद्धि | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| १८ | विदेशबाट फर्किएका युवा किसान लक्षित कार्यक्रम | युवा किसानको पहिचान | २०८०/८१-२०८२/८३ | ३५०० | १००० |
| १९ | विपन्न कृषक बीमा अनुदान | उत्पादन क्षतिमा भरपाइ | २०८०/८१-२०८२/८३ | ९०० | २५० |
| २० | अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | कृषि उत्पादन तथा बजारीकरणमा क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | ८०० | २१० |
| २१ | वार्षिक कृषि मेलाको आयोजना | कृषि उत्पादनको प्रचारप्रसार | २०८०/८१-२०८२/८३ | ८०० | १५० |
| २२ | सघन कृषि क्षेत्र विस्तार नमूना कार्यक्रम प्रतिफलमा आधारित अनुदान | उत्पादकलाई प्रोत्साहन | २०८०/८१-२०८२/८३ | २०००० | ७०५० |
| २३ | कृषि क्षेत्र विशेष मापदण्ड कार्यान्वयन तथा अनुगमन संयन्त्र निर्माण र परिचालन | कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता | २०८०/८१-२०८२/८३ | ७०० | ५०० |
| २४ | कृषि अनुसन्धान तथा नमूना परीक्षण अध्ययन | समस्या र सम्भावनाको पहिचान | २०८०/८१-२०८२/८३ | ५०० | १५० |
| २५ | माटोमा परीक्षण ल्याव स्थापना र सञ्चालन | माटोको गुण संरक्षण | २०८०/८१-२०८२/८३ | १००० | १५० |
| २६ | रैथाने प्रजातिका बालीजात पहिचान तथा संरक्षण | रैथाने बाली संरक्षण | २०८०/८१-२०८२/८३ | १५०० | ५०० |
| २७ | कृषि उपज बजारीकरण तथा निर्यात प्रवर्द्धन कार्यक्रम | कृषि उपज बजारीकरण र निर्यात प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | ३००० | १००० |
| २८ | स्रोत केन्द्र तथा नर्सरी स्थापना | नर्सरी स्थापना | २०८०/८१-२०८२/८३ | ८०० | २५० |
| २९ | जैविक प्रविधि र खेती सम्बन्धी नियमित तालिम | कृषक क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | १५०० | ५०० |
| ३० | मौरीपालनका लागि सहयोग | मह उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ३१ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना अभियान | स्थानीय जडीबुडीको पहिचान र प्रचारप्रसार | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ३२ | कृषि उपज बजार विकास घुम्ती कोष | बजार विकासमा आर्थिक व्यवस्थापन | २०८०/८१-२०८२/८३ | १००० | १००० |
| ३३ | सेवा केन्द्र भवन निर्माण तथा स्तरोन्नति | भवन निर्माण तथा स्तरोन्नति | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ३४ | कृषि उपशाखा तथा सेवा केन्द्र व्यवस्थापन | व्यवस्थापन | २०८०/८१-२०८२/८३ | २००० | ४५० |
| ३५ | चैते धान प्रवर्द्धन कार्यक्रम (मागमा आधारित) | चैते धान प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | ८०० | २०० |

| ब.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट(रु हजारमा) |
|---|---|---|---|---|---|
| ३७ | मसिनो तथा वासनादार धान प्रवर्द्धन कार्यक्रम (प्रोत्साहन कार्यक्रम) | मसिनो तथा वासनादार धान प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | १२०० | ४०० |
| ३८ | हिउँदे मकै विस्तार कार्यक्रम | बेमौसमी मकै उत्पादन अभिवृद्धि | २०८०/८१-२०८२/८३ | ६०० | १५० |
| ३९ | थारू आलु/बीउ आलु प्रवर्द्धन कार्यक्रम | आलु उत्पादन प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | ६०० | १५० |
| ४० | खाद्यान्न बीज वृद्धि आत्मनिर्भर कार्यक्रम (प्रतिफलमा आधारित) | खाद्यान्न बीज वृद्धि | २०८०/८१-२०८२/८३ | २५०० | ६०० |
| ४१ | दलन, तेलहन बाली ब्लक स्थापना अनुदान (प्रतिफलमा आधारित) | दलन तथा तेलहन बाली उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | १००० | १५० |
| ४२ | आकस्मिक बाली संरक्षण कार्यक्रम (रोग किरा नियन्त्रण) | रोग नियन्त्रण तथा बाली संरक्षण | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ४३ | फलफूल खेती विस्तार सहयोग कार्यक्रम | फलफूल खेती विस्तार | २०८०/८१-२०८२/८३ | ५०० | ० |
| ४४ | खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन कार्यक्रम | खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | १००० | २५० |
| ४५ | लागत सहभागितामा कृषि आधुनिकीकरण तथा यान्त्रिकरण | कृषि आधुनिकीकरण तथा यान्त्रिकरण | २०८०/८१-२०८२/८३ | २०००० | ५००० |
| ४६ | शीत भण्डार निर्माण | कृषि उपज भण्डारण | २०८०/८१-२०८२/८३ | १२४५०० | २५००० |
| ४७ | अगुवा तथा युवा कृषक विशेष अभिमुखीकरण तथा तालिम | कृषक क्षमता अभिवृद्धि | २०८०/८१-२०८२/८३ | ८०० | २१६ |
| ४८ | हरियो घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्राथमिकतामा आधारित अनुदान | हरियो घाँस तथा पशुपालनमा प्रोत्साहन | २०८०/८१-२०८२/८३ | ३००० | ८१३ |
| ४९ | कोल्ड रुम निर्माण | कृषि उपज भण्डारण | २०८०/८१-२०८२/८३ | ६००० | २००० |
| ५० | "मल र माटोसँग खेल्ने किसानलाई दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम" संचालन | दूध उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | १५०० | ५०० |
| ५१ | घाँसको बीउ तथा बेर्ना वितरण | पशुका लागि घाँस उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | १५०० | ० |
| ५२ | घाँसेबाली उत्पादन क्षेत्र विस्तार कार्यक्रम | पशुका लागि घाँस उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | १५०० | ० |
| ५३ | घाँसको व्यावसायिक उत्पादनसम्बन्धी कृषक तालिम | पशुका लागि घाँस उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | ५०० | ० |
| ५४ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | किसानको घरदैलोमा सेवा प्रदान | २०८०/८१-२०८२/८३ | ६०० | १०० |
| ५५ | पशुबीमा अनुदान तथा अन्तरक्रिया | नोक्सानीको भरपाई | २०८०/८१-२०८२/८३ | ३००० | ८०० |
| ५६ | पशुखोप घुम्ती सेवा | किसानको घरदैलोमा सेवा प्रदान र रोग रोकथाम | २०८०/८१-२०८२/८३ | १००० | ३०० |

| ब.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट(रु हजारमा) |
|---|---|---|---|---|---|
| ५७ | कृत्रिम गर्भाधान सेवा सञ्चालन | उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | ६०० | १५० |
| ५८ | पशु कृषक पाठशाला सञ्चालन तथा शिक्षक प्रबन्ध | पशुपालन शिक्षामा अभिवृद्धि | २०८०/८१-२०८२/८३ | २३०० | ० |
| ५९ | लागत सहभागितामा पशु म्याट लगायत सामग्री वितरण | लागत साझेदारी | २०८०/८१-२०८२/८३ | ४५०० | ० |
| ६० | पशुपालन पकेट क्षेत्र स्तरिय घाँस बीज बैङ्क स्थापना तथा डालेघाँस नर्सरी स्थापना संभाव्यता अध्ययन | घाँस उत्पादन र सम्भाव्यता पहिचान | २०८०/८१-२०८२/८३ | ३०० | ० |
| ६१ | घरपालुवा पशुपन्छी तथ्याङ्क अद्यावधिक प्रणाली निर्माण | घरपालुवा पशुपन्छीको तथ्यांक अद्यावधिक | २०८०/८१-२०८२/८३ | ३०० | १०० |
| ६२ | मागमा आधारित कुखुरा, बाखा, बङ्गुर पकेट कार्यक्रम | कुखुरा, बाखा, बङ्गुर उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | २४०० | ७०२ |
| ६३ | पशु बाँझोपन पशु स्वास्थ्य घरदैलो सेवा | बाँझोपन निवारण | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ६४ | आकस्मिक सेवा (नमूना संकलन, प्रेषण तथा परीक्षण) | रोग नियन्त्रण र रोकथाम | २०८०/८१-२०८२/८३ | ३०० | ० |
| ६५ | पशु प्रयोगशाला निर्माण तथा सञ्चालन | रोग पहिचान | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ६६ | पशु औषधी तथा उपकरण खरिद | उपचार व्यवस्थापन | २०८०/८१-२०८२/८३ | ३००० | ८०० |
| ६७ | पशु पोषण कार्यक्रम | पशुजन्य उत्पादनमा वृद्धि | २०८०/८१-२०८२/८३ | १३५० | ४५० |
| ६८ | पशु विकास उपशाखा तथा सेवा केन्द्र व्यवस्थापन | व्यवस्थापन | २०८०/८१-२०८२/८३ | ८०० | २२४ |
| ६९ | आधुनिक पशु बधशाला निर्माण तथा संचालन | सुरक्षित मासु बिक्री वितरण | २०८०/८१-२०८२/८३ | १००० | १०० |
| ७० | छाडा पशु चौपाया व्यवस्थापन | छाडा पशु चौपाया व्यवस्थापन | २०८०/८१-२०८२/८३ | ५००० | ० |
| ७१ | कृषि तथा पशु साझेदारी कार्यक्रम | साझेदारीमा कृषि तथा पशुजन्य उत्पादन तथा बजारीकरण | २०८०/८१-२०८२/८३ | २५००० | १११६० |

## जोखिम पक्ष तथा अनुमान

विभिन्न कृषि पेशामा संलग्न कृषकको खण्डिकृत तथ्याङ्क उपलब्ध हुने, व्यवसायिक कृषिका लागि आवश्यक प्राविधिक सेवामा सहज पहुँच सुनिश्चित हुने, उच्च मुल्यका बालीनालीबारे कृषकलाई जानकारी हुने, उद्यमी सोचयुक्त नवयुवा कृषिमा आर्कषित हुने, उचित भण्डारणका लागि शीतघर, बिक्री वितरण केन्द्र/कक्षको स्थापना, उत्पादन संभावनाका

आधारमा जोनिङ्ग हुने, जडीबुटी सम्बन्धी प्रोफाइलिङ्ग हुने, कृषि सामाग्रीमा अनुदान, सहुलियत प्राप्त भएको हुनेछ । उल्लिखित कियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ । नगरपालिका क्षेत्रमा पशुपंक्षी तथा माछा पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिकी वितरण केन्द्रको स्थापना पशुपंक्षी तथा माछा पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने संभावना रहन्छ । उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीच सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ सहकारी

### पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिका भित्र १२ वटा बचत तथा ऋण सहकारी, ४ वटा बहुउद्देशियय सहकारी, ७ वटा कृषि सहकारी र ३ वटा अन्य सहकारी गरी जम्मा २६ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् ।

### समस्या तथा चुनौती

शहर केन्द्रित सहकारी, सामाजिक पुँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यो नगरपालिकामा समेत रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सामुहिकता र सहकार्यमार्फत सबल अर्थतन्त्र निर्माण । |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु |

### रणनीति

१. सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने ।

२. सहकारी नीति परिमार्जन तथानिर्माण गरी नगर अर्थतन्त्र मैत्रीबनाउने ।

३. सहकारीलाई व्यवसायिककरणका अभ्याससँग एकीकृत गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | सहकारी शिक्षा प्रदान गर्ने | २०८०।८१-२०८२।८३ | ४०० | १३० |
| २ | सहकारी मार्फत उद्यमशीलता अभिवृद्धिका लागि घुम्तीकोष परिचालन | व्यवसाय प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | १००० | ० |
| ३ | सहकारी संस्थाहरूको व्यवसायिक तथा रणनीतिक योजना निर्माण | रणनीतिक योजना निर्माणमा सहयोग | २०८०।८१-२०८२।८३ | ५०० | २०० |
| ४ | सहकारी संस्थाहरूको वित्तीय व्यवस्थापन तालिम | वित्तीय व्यवस्थापन सक्षमता वृद्धि गर्ने | २०८०।८१-२०८२।८३ | २०० | ० |
| ५ | सहकारी संस्थाहरूको लेखा प्रणाली तालिम | व्यवस्थित लेखा प्रणाली निर्माण | २०८०।८१-२०८२।८३ | १०० | ० |
| ६ | सहकारी संस्थाहरूको ऋण व्यवस्थापन तालिम | वित्तीय स्रोत व्यवस्थापन तथा परिचालनमा सक्षमता वृद्धि | २०८०।८१-२०८२।८३ | २०० | ० |
| ७ | सहकारी दिवस | सहकारी प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | २५० | ७० |
| ८ | कोपोमिस तालिम | अभिलेख व्यवस्थापनमा सहयोग | २०८०।८१-२०८२।८३ | २०० | ० |
| ९ | विशिष्ट सहकारी संघ निर्माण | सहकार्य र सहलगानी हुने | २०८०।८१-२०८२।८३ | ४०० | ० |
| १० | सहकारी संस्थाहरूको आन्तरिक लेखापरीक्षण तालिम | आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुने | २०८०।८१-२०८२।८३ | ५०० | १५० |
| ११ | सहकारी संस्थाहरूको नियमित अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण | नियमन तथा सुधारमा सहयोग | २०८०।८१-२०८२।८३ | १५० | ५० |

### जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमुखिकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारी मार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतिमा टेवा पुर्‍याउने कार्यक्रममा विस्तार गर्न सकेमा अपेक्षित उपलब्धि हासिल हुन सक्छ । पर्याप्त लगानी, कसहि ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धि हासिल नहुन जोखिम रहन्छ ।

## ३.४ पर्यटन

### पृष्ठभूमि

नगरपालिकामा शिव मन्दिर, श्री कृष्ण मन्दिर, जगन्नाथ भरुवा मन्दिर, मंगलाशैनी मन्दिर, शिवालय मन्दिर, सिंहवाहिनी मन्दिर, महादेव मन्दिर, घृतक कौशल्या मन्दिर,गणेश मन्दिर ,दुर्गा मन्दिर, गुप्तेश्वर मन्दिर, जलेश्वर महादेव मन्दिर, राधेश्याम मन्दिर, वैजुरा मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, भुतुवाथान मन्दिर, बसन चर्च, ठाकुरबाबा मन्दिर, कृष्ण प्रणामी मन्दिर लगायतका धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरु रहेका छन्

। यहाँ होमस्टे र साँस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ । थारु जातीको संस्कृति झल्कने विभिन्न सांस्कृतिक कार्यक्रमहरुलाई समेटेर सांस्कृतिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । विशेष गरी यस नगरपालिकालाई कृषि पर्यटन, धार्मिक पर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । अत्यन्त उर्वर कृषि क्षेत्रका रुपमा कृषि ग्रामको विकास गर्न सके पर्यटक तथा कृषकहरु नमूना कृषिका लागि अवलोकन भ्रमण गर्न आउने स्थल हुन सक्छ ।

## समस्या तथा चुनौती

नगरपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नगरिनु, पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त मात्रामा आर्कषण गर्न नसकिनु, गुणस्तरीय आधारभूत भौतिक पूर्वाधारको अभाव, सुरक्षा र आपतकालिन उद्धारको भरपर्दो व्यवस्थाको कमी, मनोरञ्जनात्मक सुविधाको कमी, आतिथ्यता सत्कार सम्बन्धी ज्ञान र सीपको कमी लगायतका समस्या र चुनौती यो नगरपालिकामा समेत विद्यमान रहेको छन ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| पर्यटन पूर्वाधारको विकास : आर्थिक, सामाजिक र सांस्कृतिक सम्बृद्धिको आधार |
| **लक्ष्य** |
| आर्थिक, सामाजिक र साँस्कृतिक सम्पन्नताका लागि पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु ।<br>✓ कृषि पर्यटनको आधार विकास गर्नु ।<br>✓ ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु ।<br>✓ पर्या-पर्यटन तथा शैक्षिक पर्यटनको विकास गर्नु । |

## रणनीति

१. प्रमुख पर्यटकिय स्थलसम्मपुग्ने सडकहरुको स्तरोन्नति गर्ने ।
२. पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने ।
३. बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने ।
४. पर्यटन क्षेत्र स्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने ।
५. सघन कृषि क्षेत्रको विकास गर्ने ।
६. धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने ।
७. नगरपालिकाका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने ।
८. नगरपालिका भर सञ्चालन गर्न सकिने सम्पूर्ण पदमार्गहरूको सम्भाव्यता अध्ययन गर्ने ।
९. ठाकुरबाबा क्षेत्रबारे प्रचार गर्न शैक्षिक संघ संस्था, शिक्षण संस्थासंग सहकार्य गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पर्यटन विकास गुरुयोजना तथा पार्श्वचित्र निर्माण | पर्यटन विकास स्पष्ट गुरुयोजना | २०८०।८१-२०८२।८३ | ५०० | ५०० |
| २ | पर्या-पर्यटनका लागि कृषि पकेट क्षेत्रको प्रचार प्रसार | पर्या-पर्यटन तथा कृषिको प्रचारप्रसार | २०८०।८१-२०८२।८३ | २०० | ० |
| ३ | धार्मिक र अन्य पर्यटकीय क्षेत्र विशेष ब्रोसर निर्माण | धार्मिक क्षेत्रहरुको प्रचारप्रसार | २०८०।८१-२०८२।८३ | १०० | ० |
| ४ | मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्रको डि.पि.आर. साथै विकास गुरुयोजना निर्माण | धार्मिक पर्यटन विकासको स्पष्ट गुरुयोजना | २०८०।८१-२०८२।८३ | ७०० | ० |
| ५ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | संरक्षण | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| ६ | वडास्तरिय धार्मिक स्थलहरू व्यवस्थापन | धार्मिकस्थलहरुको संरक्षण तथा प्रवर्द्धन हुने | २०८०।८१-२०८२।८३ | ७०० | ५०० |
| १२ | बबई नदीको उकास क्षेत्रमा जल पर्यटन (मत्स्यपालन, र्‍याफटिङ्ग प्रवर्द्धन तथा सञ्चालन) | पर्यटन प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | २०० | ० |
| १३ | आम्बासा, हात्तीसार र सिसवारामा आधुनिक पिक्निक स्थल तथा बाल उद्यान निर्माण | पर्यटन पूर्वाधार निर्माण | २०८०।८१-२०८२।८३ | ९५० | ० |
| १४ | नदी, खोला, कुलो किनाराको सौन्दर्यकरण गरी पर्यटकहरूलाई आकर्षित गर्ने गरी विविध कार्य | पर्यटन प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १५ | हात्तीसारमा ड्याम निर्माण गरी जलाशय पर्यटन प्रवर्द्धनका कार्य | पर्यटन प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १८ | पर्यटन प्रवर्द्धनको लागि धार्मिक, सांस्कृतिक मेला, महोत्सव आयोजनामा सहयोग | पर्यटन प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | २००० | ५०० |

## जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्ट्रिकोणले संभाव्य क्षेत्र र वस्तुको पहिचान, पूर्वाधारको विकास, सहज वित्तीय सेवा, आवास, स्वास्थ्य, सुरक्षा तथा सूचना सेवाको सुनिश्चितता, स्थानीय मौलिक कला, संस्कृति, खाद्यान्नको संरक्षण, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा नगरपालिका र समग्र नगरबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

### पृष्ठभूमि

नगरपालिकामा व्यावसायिक रूपमा गाई, भैसी, बंगुर, माछा, कुखुरा, बाखा आदि पालन भइरहेको छ। नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाको वडा न. १ मा ८ वटा, वडा न. २ मा ४ वटा, वडा न. ३ मा ४ वटा, वडा न. ४ मा ५ वटा, वडा न. ५ मा ५ वटा, वडा न. ६ मा १ वटा, वडा न. ७ मा २ वटा, वडा न. ८ मा १, र वडा न. ९ मा ४ वटा साना तथा घरेलु उद्योगहरु संचालनमा रहेका छन्। यसरी संचालनमा रहेका उद्योगहरुमा पोल्ट्री फर्म, राइस मिल, फर्निचर, पाउरोटी उद्योग, मसला उद्योग, साबुन उद्योग, ग्रील उद्योग, इटा उद्योग लगायतका रहेका छन्। नगरपालिकामा ठूला उद्योगहरु सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरु रहेका छन् जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ।

### समस्या तथा चुनौती

आर्थिक पूर्वाधारको कमी, बैंक तथा वित्तीय औद्योगिक कर्जा परिचानको कमजोर अवस्था, संगठित निजी क्षेत्रको अनुपस्थिती, अद्यौगिक सीप विकास केन्द्र नहुनु लगायतका समस्या तथा चुनौती खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा व्याप्त छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| नगरमा उद्योग घरघरमा उत्पादन, जनसहभागितामुलक रोजगारी र आयआर्जन |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी श्रृजना गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु।<br>✓ नगरपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु।<br>✓ खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु।<br>✓ स्थानीय बजार प्रवर्द्धन र व्यवस्थापनमार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु। |

### रणनीति

१. नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने।
२. प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने।
३. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने।
४. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने।
५. खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने।
६. बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने।
७. स्थानीय बजार प्रवर्द्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | उद्योगका लागि करारमा दिन सकिने जग्गा पहिचान गर्न अध्ययन | औद्योगिक जग्गाको पहिचान | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| २ | श्रमिक, उद्योग र उद्यमी मैत्री सम्बन्धी नीति, कानून संशोधन गर्न विज्ञसँग परामर्श | कानूनको निर्माण | २०८०।८१-२०८२।८३ | १०० | ० |
| ३ | महिला तथा युवा उद्यमी पहिचान, सहुलियत तथा अनुदान | नव उद्यमीलाई प्रोत्साहन | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| ४ | ठूला लगानी भित्र्याउन बाह्य लगानीकर्ताहरूसँग लगानी सम्मेलन | लगानी सम्मेलन आयोजना | २०८०।८१-२०८२।८३ | १००० | ० |
| ५ | दश लाखसम्मको उद्योग लगानी प्रस्तावका लागि व्याज अनुदान | | २०८०।८१-२०८२।८३ | १००० | ० |
| ६ | नगरपालिकास्तरीय औद्योगिक ग्राम निर्माणको सम्भाव्यता अध्ययन | | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| ७ | उद्योग क्षेत्रको स्थिति पत्र प्रकाशन | उद्योगको अवस्था अवगत | २०८०।८१-२०८२।८३ | १०० | ० |
| ९ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरक्रिया | कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन | २०८०।८१-२०८२।८३ | १०० | ० |
| १० | औद्योगिक क्षेत्र केन्द्रित प्रहरी बिट स्थापना तथा निर्माण | औद्योगिक सुरक्षा | २०८०।८१-२०८२।८३ | ४०० | ० |
| ११ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १२ | बाली विशेष पकेट क्षेत्र स्तरिय उद्योगहरूको सम्भाव्यता अध्ययन | कृषिमा आधारित उद्योगको प्रवर्द्धन | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १३ | एक वडा एक कृषि उद्योग अर्न्तगत उद्योगी पहिचान | उद्योगी पहिचान | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १४ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | कृषिमा आधारित उद्योगीलाई अभिमुखीकरण | २०८०।८१-२०८२।८३ | १०० | ० |
| १५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | रैथाने प्रजातिका बिज संरक्षण | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| १६ | स्थानिय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धि तालिम | औद्योगिक सीप विकास | २०८०।८१-२०८२।८३ | ३०० | ० |
| १७ | नगरपालिकास्तरिय खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | खाद्य गुणस्तर मापन केन्द्रको स्थापना | २०८०।८१-२०८२।८३ | ८०० | ० |
| १८ | उपभोक्ता हित, नीति कानुन र मापदण्ड निर्माण | कानूनको निर्माण | २०८०।८१-२०८२।८३ | १०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १९ | व्यवसाय दर्ता अभिलेखिकरण प्रणाली निर्माण | प्रणालीको विकास | २०८०।८१-२०८२।८३ | २०० | ० |
| २० | माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण | व्यापार नाफा/घाटाको तथ्याङ्क प्रणालीको निर्माण | २०८०।८१-२०८२ ।८३ | ३०० | ० |
| २१ | नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास | नगरपालिकाको आयात र निर्यात प्रणालीको विकास | २०८०।८१-२०८२।८३ | २०० | ० |
| २२ | बहाल बिटौरी कर लागू गर्नेगरी व्यापारिक स्टल निर्माण | व्यापारिक स्टल निर्माण | २०८०।८१-२०८२।८३ | ५०० | ० |
| २३ | वार्षिक पात्रो अनुसार व्यापारिक मेला आयोजना | व्यापारिक मेला आयोजना | २०८०।८१-२०८२।८३ | ५५० | ० |
| २४ | उपयुक्त स्थानमा संघ र प्रदेश सरकारसँगको सहकार्यमा हाटबजार पूर्वाधार निर्माण | आर्थिक पुर्वाधार निर्माण | २०८०।८१-२०८२।८३ | २५०० | ० |

### जोखिम पक्ष तथा अनुमान

नगरक्षेत्रमा उपलब्ध खानी, खनिजको उपलब्धता सम्बन्धी अध्ययन-अनुसन्धान, आधारभूत आर्थिक पूर्वाधारको निर्माण, उद्योग स्थापनाका संभाव्य क्षेत्रको पहिचान, उद्योग र श्रम मैत्री कानुनको तर्जुमा, नगरक्षेत्रको योजनाबद्ध विकाश गरी विकसित र सुविधासम्पन्न शहर, बढ्दो बसाईसराइमा कमी, युवा पलायनलाई दुरुत्साहन, उद्यमशीलताको विकास, विशेष कर छुट, अनुदान, सहुलियपूर्ण ऋण मार्फत लगानी आर्कषण, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता कियाकलाप सञ्चालन गर्न सकेमा नगर क्षेत्रमा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ। भौतिक, आर्थिक, वित्तिय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा यो क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ।

## ३.६ बैङ्क तथा वित्तीय क्षेत्र

### पृष्ठभूमि

सबल अर्थतन्त्र निर्माणको लागि बैंक तथा वित्तीय संस्थाको क्रियाशिलता अपरिहार्य हुन्छ। यस नगरपालिकामा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन्। यस नगरपालिकाको वडा नं. १ मा एन.आइ.सी एसिया बैङ्क, कृषि बिकास बैङ्क, सानिमा बिकास बैङ्क, राष्ट्रिय सहकारी बिकास बैङ्क, कुमारी बैङ्क, गरिमा बिकास बैङ्क, ग्लोबल आइ.एम.इ बैङ्क, साग्रीला बिकास बैङ्क, साइन रेसुङ्गा बिकास बैङ्क, कर्णाली बिकास बैङ्क लगायतका बैङ्कका शाखाहरुले सेवा प्रवाह गरिरहेका छन्।

## समस्या तथा चुनौती

बजार केन्द्रित बैंक तथा वित्तीय संस्था, न्युन बचत तथा पुँजी परिचालन, न्युन आर्थिक क्रियाकलाप, सहकारी संस्थालाई न्युन आय र सीपयुक्त नागरिकको सशक्तिकरणको लागि परिचालन गर्न नसक्नु जस्ता समस्या र चुनौती यस पालिमामा समेत रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता

**लक्ष्य**

प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने

**उद्देश्यहरू**

- ✓ बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु
- ✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिलगर्नु

## रणनीति

१. वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने ।
२. व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | सहज बैङ्किङ सेवा | २०८०।८१-२०८२।८३ | ३०० | ० |
| २ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | बैङ्किङ सेवामा महिलाको सहज पहुँच | २०८०।८१-२०८२।८३ | २३० | ० |
| ३ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | उद्योग र वित्तीय संस्थाबीच असल सम्बन्ध | २०८०।८१-२०८२।८३ | १०० | ५० |
| ४ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष ब्याज अनुदान | ब्याज अनुदान | २०८०।८१-२०८२।८३ | ५०० | ० |

## जोखिम पक्ष तथा अनुमान

तहगत सरकारको वित्तीय साक्षरता, पहुँच र सहुलियत सम्बन्धी नीतिलाई स्थानीय बैंक तथा वित्तीय संस्थाले अंगीकार गरी कर्जा परिचालन, क्षेत्रगत ऋणको ब्याजमा सहुलियत, उत्पादनमुलक क्षेत्रमा कर्जा प्रवाह र लक्षित

वर्गको बैंकिङ्ग सेवामा पहुँच विस्तार गर्न सकेमा उल्लिखित नीति रणनीति हासिल हुने सो अनुसार कार्य गर्न नसकेमा उद्देश्य प्राप्तिमा जोखिम हुने देखिन्छ ।

## ३.७ गरीबी निवारण

### पृष्ठभूमि

वि.स. २०१३ साल देखि हालसम्मका आवाधिक योजनाहरुमा सबैभन्दा बढि उल्लेख गरिएको र पेचिलो मुद्धाको रुपमा गरीबी निवारण रहेको छ । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरीबीको अन्त्य गर्ने भन्ने रहेकोछ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्ने रहेको छ । नगरपालिकामा गरिएको घरधुरी तथ्याङ्क संकलन, २०८० अनुसार नगरपालिकामा पछिल्लो १२ महिनामा आम्दानी हुने कुनै पनि आर्थिक काममा संलग्न नभएको जनसंख्या ३५.०४ प्रतिशत रहेको छ ।

### समस्या तथा चुनौती

गरिबीको वास्तविक कारण पहिचानमा कमी, वितरणमुखी कार्यक्रम, निर्वाहमुखी कृषि पेशा, सीप र रोजगारमुलक शिक्षाको कमी, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव लगायतका समस्या र चुनौती व्याप्त रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ज्ञान, सिप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरीबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरीबीलाई पचास प्रतिशत कम गर्ने |
| **उद्देश्यहरू** |
| निरपेक्ष र बहुआयमिक गरीबीमा रहेको जनताको गरीबी निवारण गरी जीवनस्तर उकास्ने । |

### रणनीति

१. गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।
२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
३. विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | गरिब लक्षित पोषण तथा खाद्य सुरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | २०८०।८१-२०८२।८३ | १५०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| २ | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | २०८०।८१-२०८२।८३ | ३०० | ० |
| ३ | विपन्न नागरीक आवास कार्यक्रम | आवासको सुनिश्चितता | २०८०।८१-२०८२।८३ | १०५०० | ३००० |
| ४ | बेसहारा आश्रयस्थान निर्माण | आश्रयस्थान निर्माण | २०८०।८१-२०८२।८३ | २५०० | ० |
| ५ | रोजगार सूचना प्रणाली र बैंकको स्थापना | रोजगारदाता र रोजगारको सहज सर्म्पक | २०८०।८१-२०८२।८३ | ३०० | ० |
| ६ | विपन्न लक्षित विशेष भूमि बैङ्क स्थापना | भूमि बैङ्क स्थापना | २०८०।८१-२०८२।८३ | ९०० | ० |
| ७ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | उद्यमी अनुदान | २०८०।८१-२०८२।८३ | ६५० | ० |

## जोखिम पक्ष तथा अनुमान

नगरक्षेत्रमा बसोबास गर्ने गरिब, घरपरिवार विहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबीच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणका उद्देश्य प्राप्ति हुन्छ भने कोभिड- १९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **कृषि** | | | | |
| | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | | |
| | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | | |
| | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | | |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | | |
| | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | | |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | | |
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भैरहेको जमिन ( प.दि.वि.ल.(२.४.१) | प्रतिशतामा | | |
| | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन (प.दि.वि.ल.(२.४.३) | प्रतिशतामा | ६७.५ | ७५ |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्यामा | | |
| | असर | धान उत्पादन | मे.टन (हजार) | १८९८९ | २०००० |
| | असर | मकै उत्पादन | मे.टन (हजार) | १७६७ | १८०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | गहुँ उत्पादन | मे.टन (हजार) | ५१२५ | ६०२१ |
| | असर | कोदो उत्पादन | मे.टन (हजार) | ० | ० |
| | असर | जौ उत्पादन* | मे.टन (हजार) | ०.२५ | ०.३२५ |
| | असर | फापर उत्पादन | मे.टन (हजार) | ० | ० |
| | असर | आलु उत्पादन | मे.टन (हजार) | ६०२१ | ९००० |
| | असर | अन्य तरकारी उत्पादन | मे.टन (हजार) | १२५१६ | १३००० |
| | असर | अन्य फलफुल | मे.टन (हजार) | १६०० | २४८० |
| | असर | दुध उत्पादन* | किलो लिटर (हजार) | ३६५६३३ | ४७५०००० |
| | असर | तेलहन बाली | मे.टन (हजार) | १०६१ | १०६५ |
| | असर | दलहन बाली | मे.टन (हजार) | १७०० | १८०० |
| | असर | कफी | मे.टन | ० | ० |
| | असर | कपास | मे.टन | ० | ० |
| | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | १ | २ |
| | प्रतिफल | एग्रोभेट | संख्या | ८ | १० |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | ३ | ६ |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | १ | ३ |
| | प्रतिफल | Custom Hiring Center | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म * | संख्या | ६७ | ७५ |
| | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | |
| | प्रतिफल | कृषक पाठशाला | संख्या | २ | ९ |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | |
| | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | १०० | १५४ |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | ४ | ४ |
| | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | ० | ० |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | |
| | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | | ० | ० |
| | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | |
| | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल (२.५.२.४) | | ० | ० |
| | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | २ | ५ |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | |
| | प्रतिफल | नगरपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कूल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | | |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | ८ | ७ |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | ८ | ८ |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | ५ | १० |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | | |
| | प्रतिफल | कृषक समूह | संख्या | ९० | १६५ |
| | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | | |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | २ | २ |
| | प्रतिफल | व्यवसायिक जाडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | | |
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हे. | १०० | ५०० |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | |
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | ३५ | २० |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | हेक्टर | १० | १५ |
| | प्रतिफल | खाद्यन्न गोदाम | संख्या | १२ | १५ |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | |
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र | संख्या | | |
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म* | संख्या | ९६ | ९८ |
| | प्रतिफल | घाँसेवालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | | |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | | |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | १ | १ |
| | प्रतिफल | माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | | |
| | प्रतिफल | मौरी घार | संख्या | २० | ३० |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | |
| | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | | |
| | **पर्यटन** | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | | |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | | |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | |
| | असर | पर्यटक बसाइ अवधि | दिन | | |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च | डलर | ४५ | ६० |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज* | संख्या | ३७ | ४५ |
| | प्रतिफल | होमस्टे | संख्या | ९ | १५ |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | ० | १ |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | ० | ५ |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | | |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | ५ | १५ |
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | ५ | १५ |
| | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | |
| | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | |
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | |
| | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | आयात मूल्य | रकममा | | |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | | |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकममा | | |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | |
| | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार* | संख्या | ६९७८ | ९००० |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको * | संख्या | ९ | १२ |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैङ्क* | संख्या | ३ | ५ |
| | प्रतिफल | नगरपालिकामा विस्तार भएका लघुवित्त* | संख्या | १३ | १७ |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | |
| | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | |
| | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत ( १०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार* | प्रतिशत | ३५६६ | ४६३५ |
| | **गरीबी निवारण** | | | | |
| | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | | |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | |
| | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | |
| | असर | अशक्त, असहाय, वेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका ( १.२.१.१) | प्रतिशत | | |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला (१.४.२.१) | प्रतिशत | | |

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### पृष्ठभूमि

सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ। सक्षम मानव संशाधन नभइ कुनै पनि क्षेत्रको विकास सम्भव छैन। विश्वभर अति विकसित मुलुकहरुको समग्र विकासको कारण भनेकै ती मुलुकहरुले शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको र विशेषगरी आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ। नगरपालिकामा उच्च शिक्षा हासिल गर्नका लागि २ वटा क्याम्पसहरु संचालनमा रहेका छन्। यहाँको चुरे बहुमुखी क्याम्पस बगनाहमा स्नातकोत्तर सम्म र मनुषा टिका सिंह थापा बहुमुखी क्याम्पसमा स्नातक तहसम्मको कक्षाहरु संचालनमा रहेका छन्। यसै गरी नगरपालिका भित्र २ वटा प्राविधिक धारका विद्यालय, २३ वटा सामुदायिक विद्यालय, १४ वटा संस्थागत विद्यालयहरु र ६० वटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन्।

### समस्या तथा चुनौती

शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव, शैक्षिक गुणस्तर प्रति अभिभावकको न्युन चासो, सीप र स्वरोजगारमुलक शिक्षाको कमी, नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्युन प्रयोग लगायतका समस्या र चुनौती अन्य स्थानका अतिरिक्त यस गाउँपालिकामा समेत रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |
| **लक्ष्य** |
| निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध गराउने |
| **उद्देश्यहरू** |
| ✓ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु<br>✓ निरक्षरता शुन्यमा झार्नु<br>✓ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु<br>✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु<br>✓ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु। |

### रणनीति

१. न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने।
२. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने।
३. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने।
४. पोषण तथा स्वास्थ्य सम्बन्धी व्यवस्था।

५. अति विपन्न, आदिवासि जनजाती, भूमिहिन, गरिब, थारु समुदाय, दलित तथा अपाङ्ग र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बयस्क केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने ।
६. प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने ।
७. नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने ।
८. नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने ।
९. स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरी लागू गर्ने ।
१०. विद्यार्थीहरूको ज्ञानको क्षितिज विस्तार गर्ने कृयाकलाप नियमित गर्ने ।
११. पाठ्य सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने ।
१२. नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने ।
१३. विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान गरी प्रोत्साहन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | शिक्षा नीति, मापदण्ड तथा कानून निर्माण | आवश्यक कानूनको निर्माण | २०८०/८१-०८२/०८३ | २०० | २०० |
| २ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयार | २०८०/८१-०८२/०८३ | ५०० | १०० |
| ३ | छात्रामैत्री, अपाङ्गमैत्री तथा सुविधा सम्पन्न विद्यालय पूर्वाधार निर्माण | सबै प्रकारका विद्यार्थीमैत्री विद्यालय | २०८०/८१-०८२/०८३ | ११००० | १०००० |
| ४ | स्टेम प्रयोगशाला विस्तारसाथै सामाजिक र भाषा विषयका लागि ल्याब स्थापन | स्टेम प्रयोगशाला स्थापना | २०८०/८१-०८२/०८३ | १००० | ६५० |
| ५ | हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रवन्ध | विद्यालयमा इन्टरनेट सेवाको उपलब्धता | २०८०/८१-०८२/०८३ | १००० | २७६ |
| ६ | शिक्षक विद्यार्थी अनुपात अध्ययन, दरबन्दी अनुसार शिक्षकको व्यवस्था | शैक्षिक गुणस्तरमा सुधार | २०८०/८१-०८२/०८३ | ४८०० ०० | १५४२४१ |
| ७ | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम | सरसफाइ र स्वास्थ्य प्रति सचेतना | २०८०/८१-०८२/०८३ | ४५०० | ० |
| ८ | अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन | अभिभावकालाई जिम्मेवार | २०८०/८१-०८२/०८३ | १६०० | ४५० |
| ९ | घुम्ती भर्ना अभियान सञ्चालन | भर्ना वृद्धि | २०८०/८१-०८२/०८३ | २२५० | ० |
| १० | अति विपन्न र सिमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | शिक्षामा सबैको पहुँच | २०८०/८१-०८२/०८३ | १५०० | ५०० |
| ११ | अनौपचारीक प्रौढ शिक्षा सञ्चालन ( प्रत्येक वडा) | साक्षरता वृद्धि | २०८०/८१-०८२/०८३ | २६०० | ७५० |
| १२ | निरक्षर केन्द्रित शिक्षा सञ्चार तथा जनचेतनामूलक कार्यक्रम (स्थानीय सञ्चार माध्यमबाट) | शिक्षा सम्बन्धी जनचेतनामा वृद्धि | २०८०/८१-०८२/०८३ | ७०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १३ | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना | सामुदायिक सिकाइ | २०८०/८१-०८२/०८३ | ५७०० | ० |
| १४ | अपांगता विशेष कक्षा सञ्चालन | शिक्षामा सबैको पहुँच सुनिश्चि | २०८०/८१-०८२/०८३ | १००० | ० |
| १५ | बहुप्राविधिक विद्यालय स्थापनार्थ पूर्वाधार निर्माण | बहुप्राविधिक विद्यालय स्थापना | २०८०/८१-०८२/०८३ | १५०० | ० |
| १६ | एक विद्यालय एक प्राविधिक विषय संभाव्यता अध्ययन र निर्माणको लागि कोष स्थापना | प्राविधिक शिक्षालाई महत्व | २०८०/८१-०८२/०८३ | २५०० | ० |
| १७ | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | नैतिक शिक्षामा जोड | २०८०/८१-०८२/०८३ | ८०० | २०० |
| १८ | विद्यालय स्तरीय पोषण शिक्षा कार्यक्रम | शिक्षा र पोषणको अन्तरआबद्धता | २०८०/८१-०८२/०८३ | ७००० | ० |
| १९ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | नविनतम शिक्षण | २०८०/८१-०८२/०८३ | १२०० | ० |
| २० | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली | २०८०/८१-०८२/०८३ | ५०० | १०० |
| २१ | शिक्षण सिकाई उपलब्धी मापन ग्रेडीङ्ग प्रणाली निर्माण | ग्रेडीङ्ग प्रणाली निर्माण | २०८०/८१-०८२/०८३ | ८०० | २०० |
| २२ | विद्यालय स्तरिय विद्युतीय सिकाइ पूर्वाधार निर्माण | विद्युतीय सिकाइ | २०८०/८१-०८२/०८३ | २००० | ६५० |
| २३ | पठनपाठनमा एकरुपता ल्याउन अतिरिक्त कक्षा मापदण्ड निर्माण | पठनपाठनमा एकरुपता | २०८०/८१-०८२/०८३ | २००० | ६०० |
| २४ | बहुक्षेत्रिय शिप विकास तथा व्यवसायिक तालिम केन्द्र | व्यवसायिक सीपमा आधारित तालिम | २०८०/८१-०८२/०८३ | १०००० | ४९६० |
| २५ | एक विद्यालय एक सुविधासम्पन्न पुस्तकालयको स्थापना | सिकाइलाई प्रोत्साहन | २०८०/८१-०८२/०८३ | १२५०० | ६५० |
| २६ | हरेक कक्षामा सूचना प्रविधिमैत्री स्मार्ट बोर्ड खरिद | सूचना प्रविधिमैत्री स्मार्ट बोर्डको प्रयोग | २०८०/८१-०८२/०८३ | ५००० | ० |
| २७ | उत्कृष्ट विद्यालय पुरस्कार कोष | उत्कृष्ट विद्यालयलाई प्रोत्साहन | २०८०/८१-०८२/०८३ | ५०० | ० |
| २८ | निजी सामुदायिक विद्यालय अन्तरक्रिया कार्यक्रम | व्यवस्थापकीय र गुणस्तर व्यवस्थापन सम्बन्धी अनुभव आदान प्रदान | २०८०/८१-०८२/०८३ | ३०० | ५० |
| २९ | जेहेन्दार छात्र/छात्रा छात्रवृत्ति कोष निर्माण | सुलभ शिक्षा | २०८०/८१-०८२/०८३ | ५०० | ४५५१ |
| ३० | हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोष स्थापना | कर्मनिष्ठ शिक्षकलाई प्रोत्साहन | २०८०/८१-०८२/०८३ | ५०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ३१ | महामारी विशेष वैकल्पिक शिक्षा पूर्वाधार निर्माण | वैकल्पिक शिक्षाको व्यवस्था | २०८०/८१-०८२/०८३ | २००० | ८०० |
| ३२ | ECD विशेष शिक्षक शिक्षिका तालिम | तालिम प्राप्त जनशक्तिको व्यवस्था | २०८०/८१-०८२/०८३ | १२०० | १०० |
| ३३ | विशेष विज्ञानमा अभिरुची र क्षमता भएका विद्यार्थीलाई अभिमुखीकरण कार्यक्रम | सिर्जनाको खोजी र प्रोत्साहन | २०८०/८१-०८२/०८३ | २०० | ० |
| ३४ | विज्ञान र प्रविधि सम्बन्ध वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | वैज्ञानिकहरूसँग साक्षात्कार | २०८०/८१-०८२/०८३ | २०० | ० |
| ३५ | शिक्षा क्षेत्र सुधारमा लघु अनुसन्धान गर्न चाहने शिक्षकलाई शैक्षिक प्रोत्साहन अनुदान | शैक्षिक प्रोत्साहन अनुदान | २०८०/८१-०८२/०८३ | ३५०० | १०१३ |
| ३६ | नगरपालिकास्तरीय विज्ञान प्रर्दशनी | विज्ञानमा रुची वृद्धि | २०८०/८१-०८२/०८३ | ७५० | ० |
| ३७ | प्रधान अध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | शैक्षिक नेतृत्व विकास | २०८०/८१-०८२/०८३ | ५०० | १०० |

## जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, समय समयमा शिक्षक-विद्यार्थी-अभिभावक अन्तरक्रियाबाट सबै पक्षले रचानात्मक सुधार गर्ने, अध्ययनमा अभिरुची जगाउन स्थापित व्यक्तित्वसँग साक्षात्कार कार्यक्रम गर्ने, स्थानीय आवश्यकता र संभाव्यताको आधारमा पाठ्यक्रम निर्माण गर्ने, नवीनतम सूचनाप्रविधिको प्रयोग बढाउने, पाठ्यसामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य गराइएमा नगरपालिकाको शैक्षिकस्तर सुधार हुन्छ। उल्लिखित कार्यक्रम प्राथमिकताकासाथ सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# ४.२ स्वास्थ्य

## पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ। स्वास्थ्य सम्बन्धी आधारभूत सुविधा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ। सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव यो नगरपालिकामा समेत रहेको छ। नगरपालिकामा ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ सर्पदशं उपचार केन्द्र, १ आरोग्य केन्द्र र १ नगर अस्पतालबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। यसका अलावा २० वटा

गाँउघर क्लिनिक, २२ वटा खोप क्लिनिक संचालनमा रहेका छन् । नगरपालिकाभर ६२ जना स्वास्थ्य कर्मी सहित ८३ जना महिला स्वास्थ्य स्वयमसेविकाहरु स्वास्थ्य सेवा प्रवाहमा सकृय रहेका छन् ।

## समस्या तथा चुनौती

सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा सबै वर्ग र समुहको पहुँच र उपलब्धताको कमी, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम लगायतका ठूला शहरमा जानु पर्ने अवस्थाको विद्यमानता, चेतनाको स्तरको न्युनता लगायतका समस्या र चुनौती यो नगरपालिकामा समेत रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| घरदैलो मै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| **लक्ष्य** |
| आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने |
| **उद्देश्यहरू** |
| ✓ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु<br>✓ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु |

## रणनीति

१. आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने ।
२. स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने ।
३. आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच स्थापना ।
४. स्वास्थ्यप्रति सचेत नागरिक निर्माण गर्न जनचेतना जागरण अभियान सञ्चालन गर्ने ।
५. वैकल्पिक चिकित्सापद्धतिको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | वडामा रहेका स्वास्थ्य संस्थाहरूको सेवामा विस्तार | सेवामा विस्तार | २०८०/८१-०८२/०८३ | १००० | २९३ |
| २ | नगर अस्पतालमा सुविधा सम्पन्न प्याथलोजी सेवा | सुविधा सम्पन्न प्याथोलोजी ल्याब निर्माण | २०८०/८१-०८२/०८३ | ३००० | १०२ |
| ३ | एम्बुलेन्स मर्मत तथा सम्भार | सहज एम्बुलेन्स सेवाको उपलब्धता | २०८०/८१-०८२/०८३ | ५०० | १०० |
| ४ | स्वास्थ्य संस्थाहरूको विविध मर्मत तथा व्यवस्थापन | मर्मत सम्भार | २०८०/८१-०८२/०८३ | २००० | ५०० |
| ५ | कोल्ड चेन व्यवस्थापन | खोपको प्रभावकारिता संरक्षण | २०८०/८१-०८२/०८३ | १०० | २४ |
| ६ | नगर अस्पताल निर्माण | स्वास्थ्यमा सबैको पहुँच | २०८०/८१-०८२/०८३ | ७०००० | ७०००० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ७ | नगरपालिकास्तरीय एक प्राथमिक ट्रमा सेवा इकाई निर्माणको पहल | ट्रमा सेवा प्रदान | २०८०/८१-०८२/०८३ | २०० | ० |
| ८ | स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्था | दरबन्दी बमोजिम तलब भत्ता व्यवस्थापन | २०८०/८१-०८२/०८३ | ९५००० | २९४२५ |
| ९ | महिला स्वास्थ्य स्वयंसेविका तालिम | तालिम, अभिमुखीकरण | २०८०/८१-०८२/०८३ | १२५०० | २००० |
| १० | अन्य स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | तालिम तथा अभिमुखीकरण | २०८०/८१-०८२/०८३ | १५०० | ४०० |
| ११ | नगरपालिकामा संचालित सरकारी एवं नीजी स्वास्थ्य संस्थाहरुको अनुगमन तथा नियमन | अनुगमन तथा नियमन | २०८०/८१-०८२/०८३ | ५०० | १५० |
| १२ | स्वास्थ्य बीमा कार्यक्रम | परम्परागत चिकित्सा प्रणालीको संरक्षण | २०८०/८१-०८२/०८३ | १०००० | ३०५३ |
| १३ | वडास्तरीय स्वास्थ्य परीक्षण शिविर सञ्चालन | स्वास्थ्य सेवामा पहुँच विस्तार | २०८०/८१-०८२/०८३ | ३००० | ८३० |
| १४ | नि:शुल्क वितरण हुने औषधि नियमित आपूर्ति र आकस्मिक औषधी व्यवस्थापन | नियमित आपूर्ति र आकस्मिक औषधी व्यवस्थापन | २०८०/८१-०८२/०८३ | १५००० | ३००० |
| १५ | खोप तथा गाउँघर क्लिनिक व्यवस्थापन | खोप तथा गाउँघर क्लिनिक व्यवस्थापन | २०८०/८१-०८२/०८३ | ८०० | २०० |
| १६ | अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण | शिशु र आमाको पोषण प्रवर्द्धन | २०८०/८१-०८२/०८३ | ८०० | २०० |
| १७ | बालबालिकाको नियमित तौल र उचाइ समेत जाँच्ने प्रवन्ध | बालबालिकाको पोषण जाँच | २०८०/८१-०८२/०८३ | ८०० | १३८ |
| १८ | वडास्तरीय महिला प्रजनन् स्वास्थ्य जाँच शिविर सञ्चालन | महिला प्रजनन् स्वास्थ्य परीक्षण तथा सेवा प्रदान | २०८०/८१-०८२/०८३ | ५०० | १०० |
| १९ | मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन | मातृ तथा नवशिशु स्वास्थ्य सेवा | २०८०/८१-०८२/०८३ | ६००० | १७१७ |
| २० | गर्भवती, सुत्केरी तथा नवशिशु लक्षित प्याकेज | गर्भवती, सुत्केरी तथा नवशिशु सेवा | २०८०/८१-०८२/०८३ | ११०० | ३२४६ |
| २१ | बालबालिका विशेष पुड्कोपना, कमतौल, रक्तअल्पता र कुपोषण जाँच निशुल्क शिविर सञ्चालन | पोषण स्थिति सुधार | २०८०/८१-०८२/०८३ | २००० | ५६१ |
| २२ | महिलाको आङ खस्ने र पाठेघरको क्यान्सर सम्बन्धी स्वास्थ्य जाँच शिविर नियमित रुपमा सञ्चालन | महिला प्रजनन् स्वास्थ्य सेवा | २०८०/८१-०८२/०८३ | ८०० | २७० |
| २३ | विपन्न, उत्पिडीत, सुकुम्बासी, विपन्न समुदायका महिलाहरुलाई सुत्केरी हुन अस्पताल जाँदा एम्बुलेन्स खर्चमा शत् प्रतिशत छुट दिने व्यवस्था | स्वास्थ्य सेवामा पहुँच विस्तार | २०८०/८१-०८२/०८३ | ५०० | १०० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| २४ | स्वास्थ्य शिक्षा सञ्चार तथा विविध दिवसहरू | सचेतना अभिवृद्धि | २०८०/८१-०८२/०८३ | २०० | ५० |
| २५ | योग साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | संरचना निर्माण | २०८०/८१-०८२/०८३ | १५०० | ८०० |
| २६ | शारीरिक व्यायाम तथा श्रमको महत्व विषयक सूचना सञ्चार | नसर्ने रोग सम्बन्धी सचेतना | २०८०/८१-०८२/०८३ | १५०० | ५०० |
| २७ | धुम्रपान र मध्यपान नियन्त्रण सचेतना अभियान | सचेतना अभिवृद्धि | २०८०/८१-०८२/०८३ | ४०० | १०० |
| २८ | कुलत तथा दुर्व्यसन नियन्त्रण कार्यक्रम | कुलत तथा दुर्व्यसन नियन्त्रण | २०८०/८१-०८२/०८३ | ४०० | १०० |
| २९ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पोषण प्रवर्द्धन | २०८०/८१-०८२/०८३ | ५०० | १३८ |
| ३० | कालाजार, डेङ्गु, हात्तिपाइले, कुष्ठरोग लगायतका सर्ने र नसर्ने रोगबाट बच्न विशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन | सचेतना अभिवृद्धि | २०८०/८१-०८२/०८३ | १५० | ३० |
| ३१ | मनोसामाजिक परामर्श कार्यक्रम | मनोपरामर्श प्रदान | २०८०/८१-०८२/०८३ | ४०० | १०० |
| ३२ | सरुवा तथा भेक्टरजन्य रोग रोकथामका लागि आवश्यक तयारी एवं समुदाय परिचालन लगायतका एकीकृत कायक्रम संचालन | सरुवा रोग नियन्त्रण तथा समुदाय परिचालन | २०८०/८१-०८२/०८३ | २००० | ५०९ |
| ३३ | विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसंग नियमित अन्तरक्रिया | जोखिमपूर्ण पोषण व्यवहारमा सुधार | २०८०/८१-०८२/०८३ | ५०० | १०० |

### जोखिम पक्ष तथा अनुमान

आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचीन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, सरकारका नीति र नागरिकको सचेतना विस्तार, प्रजनन स्वास्थ- सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ सेवा सुनिश्चित गर्न सकिन्छ। अपर्याप्त साधन श्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.३ संस्कृति, भाषा, कला तथा साहित्य

### पृष्ठभूमि

ठाकुरबाबा नगरपालिका मौलिक तथा साँस्कृतिक विविधतामा धनी नगरपालिका हो। यस नगरपालिकामा विभिन्न जाति, धर्म, सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन्। नगरपालिकाको घरधुरी तथ्याङ्क संकलन, २०७५ का अनुसार नगरपालिकाको कुल जनसंख्यामध्ये १४.५ प्रतिशत ब्राम्हण, १७.५ प्रतिशत क्षेत्री, ५१.५ प्रतिशत थारु, ८ प्रतिशत दलित, १.५ प्रतिशत मगर, १ प्रतिशत मुस्लीम, ०.२ प्रतिशत दशनामीहरुको बसोवास रहेको छ। सबै

जातजाति र सम्प्रदायका आ-आफ्नै किसिमका धर्म, संस्कृति र चालचलनहरू छन् । यहाँ थारु समुदायको हरेरी पूजा, धुर्या, ल्वाडी ढक, का साथै दशैं, तिहार, माघेसक्रान्ती, छठ, शिवरात्री, होली, इद, माघीपर्व जस्ता विभिन्न चाडपर्व एवं सांस्कृतिक उत्सवहरु मनाउने गरिन्छ । तथापी यहाँको पहिचान झल्काउने बैठकी, हुर्हुदवा, छोका, झुम्री, डप, बैशाखी होल्का नाँच लगायतका नाँचहरु लोपहुन लागेको अवस्थामा रहेका छन् ।

## समस्या तथा चुनौती

स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, लगानी तथा अग्रसरताको कमी, स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षण सम्बन्धी विषयवस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौती रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सभ्य र सुसंस्कृत समाजको निर्माण

**लक्ष्य**

संस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकास मार्फत सभ्य र सौहार्दपुर्ण समाजको स्थापना गर्ने

**उद्देश्यहरू**

- ✓ स्थानीय पहिचान कायम हुने भाषा, कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु
- ✓ संस्कृति, भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु ।

## रणनीति

१. संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने
२. भषा, संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने
३. कला, साहित्य, भाषा, संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने
४. साँस्कृतिक, साहित्यिक, भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | सांस्कृतिक सम्पदा सम्बन्धी इन्भेट्री तयार गर्ने | सांस्कृतिक सम्पदा सम्बन्धी अध्ययन | २०८०/८१-२०८२/८३ | ३०० | ४० |
| २ | Intangible Cultural Heritage तथा बौद्धिक सम्पदाको विवरण प्रकाशन | सांस्कृतिक सम्पदाको अध्यावधिक अभिलेख | २०८०/८१-२०८२/८३ | २०० | ० |
| ३ | सांस्कृतिक वृत्तचित्र निर्माण | सूचनाको संप्रेषण | २०८०/८१-२०८२/८३ | ५०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ४ | लेखक, कलाकार, साहित्यकारहरूको विवरण संकलन | सर्जकको अभिलेखाङ्कन र सम्मान | २०८०/८१-२०८२/८३ | १०० | १०० |
| ५ | विद्यालय तथा अन्तर विद्यालय सांस्कृतिक प्रतियोगिता | स्वस्थ प्रतिस्पर्धा मार्फत संस्कृतिको प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | ५०० | १०० |
| ६ | राष्ट्रिय तथा प्रादेशिकस्तरको सांस्कृतिक प्रतियोगिता तयारी कोष | संस्कृतिको प्रवर्द्धनलाई प्रोत्साहन | २०८०/८१-२०८२/८३ | १००० | ० |
| ७ | सांस्कृतिक गतिविधि प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन | पर्यटन प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | २०० | ० |
| ८ | लोपोन्मुख जातजाती, भाषा तथा सांस्कृतिक गाथा संरक्षण कार्यक्रम | परम्परा, मौलिकता र सांस्कृतिको संरक्षण | २०८०/८१-२०८२/८३ | ३०० | ० |
| ९ | कला, साहित्य र संस्कृतिका सर्जक तथा कलाकारहरूसँग अन्तरक्रिया | सर्जकको राय परामर्शको सम्मान | २०८०/८१-२०८२/८३ | १५० | ५० |
| १० | नगरपालिकास्तरीय सांस्कृतिक कोषको निर्माण | सांस्कृतिक कार्यमा सहजीकरणक | २०८०/८१-२०८२/८३ | ५०० | ० |
| ११ | कलाकार, सर्जक तथा कला-पत्रकार सम्मान | सर्जकको सम्मान | २०८०/८१-२०८२/८३ | १०० | ० |
| १२ | कला संग्रहालय निर्माण | संस्कृतिको संरक्षण | २०८०/८१-२०८२/८३ | ५००० | ० |
| १३ | नियमित सांस्कृतिक गतिविधि, उत्सव आयोजना | मनोरञ्जन र संस्कृतिको संरक्षण | २०८०/८१-२०८२/८३ | १२०० | ० |
| १४ | प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन | प्रतिष्ठान गठन तथा सञ्चालन | २०८०/८१-२०८२/८३ | १०० | ० |

### जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध सांस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, सांस्कृतिक समुहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानियबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला संस्कृतिको संरक्षणमा अपेक्षाकृति नतिजा हासिल गर्न सकिन्छ। बहुसरोकारवाला निकायको सहभागिता नभएमा क्षयिकरण हुँदै जाने जोखिम रहन्छ।

## ४.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

नगरपालिकाको घरधुरी तथ्यांक संकलन, २०७९ का अनुसार नगरपालिकाभित्र ८३२ जना अपाङ्गता भएका व्यक्तिहरु र १,२०२ जना एकल महिला रहेका छन्। साथै नगरपालिकाभित्र १७३३ घरधुरी सार्वजनिक/सुकुम्बासी/ऐलानी

जग्गामा बसोबास गर्ने गरेका छन् । नगरपालिकामा अपाङ्गता परिचयपत्र वितरण, अपाङ्गतामैत्री सहायक सामाग्रीहरु वितरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण तथा सम्मान कार्यक्रम, ज्येष्ठ नागरिक दिवसमा घरदैलो भेटघाट कार्यक्रम तथा न्यानो लुगा वितरण कार्यक्रम लगायतका कार्यक्रमहरु संचालनमा रहेका छन् ।

## समस्या तथा चुनौती

जातिय विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा ल्याउन नसक्नु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने तथा समता र समानता आधारित समाजको निमार्ण गर्नु पर्ने चुनौती यस नगरपालिकामा रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नगरपालिकाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने |
| **उद्देश्यहरू** |
| लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेदको अन्त्य गर्नु |

## रणनीति

१. महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने ।
२. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने ।
३. जेष्ठ नागरिकको सामाजिक सुरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकतापूर्वक सञ्चालन गर्ने ।
४. अपाङ्गता भएका नागरिकहरुको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरी उनीहरुको आत्मबल बढाउने र आत्मसम्मान जगाउने ।
५. जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम, थारु तथा राज्यको मूलप्रवाहमा आउन नसकेको नागरिकहरुका मूल सरोकारका विषयमा अध्ययन गरी मूलप्रवाहिकरण कार्यनीति निर्माण गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | महिला शिक्षामा जोड | २०८०/८१-०८२/८३ | १५० | ० |
| २ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | महिला हिंसा तथा लैङ्गिक भेदभावमा कमी | २०८०/८१-०८२/८३ | १०० | ५० |
| ३ | अनिवार्य बुहारी शिक्षा कार्यक्रम | महिला साक्षरता र सशक्तिकरण | २०८०/८१-०८२/८३ | २०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ४ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम | महिला हिंसा र दाइजो विरुद्ध अभियान सञ्चालन | २०८०/८१-०८२/८३ | २०० | ५० |
| ५ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | यौनजन्य हिंसा सम्बन्धी जनचेतना | २०८०/८१-०८२/८३ | १५० | ५० |
| ६ | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | नेतृत्व र आर्थिक सबलीकरणमा जोड | २०८०/८१-०८२/८३ | ६०० | १६० |
| ७ | सफल महिला उद्यमिको अभिलेखाङ्क र साक्षात्कार कार्यक्रम | महिला उद्यमिको पहिचान र प्रोत्साहन | २०८०/८१-०८२/८३ | १०० | ० |
| ८ | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | न्यायिक समितिको सशक्त भुमिका | २०८०/८१-०८२/८३ | ३०० | २०० |
| ९ | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | एकल महिलाको सामाजिक सम्मानमा वृद्धि | ०८०/८१-०८२/८३ | ३०० | ० |
| १० | महिला सुरक्षा गृहको निर्माण /सहयोग | हिसां पिडित महिलालाई आश्रय र सुरक्षा | २०८०/८१-०८२/८३ | १५०० | ५० |
| ११ | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना | महिला उद्यमशीलतालाई प्रोत्साहन | २०८०/८१-०८२/८३ | १५०० | ० |
| १२ | नगरपालिकामा "जेष्ठ नागरिक सहयोग कक्ष" गठन | जेष्ठ नागरिकलाई सहयोग | २०८०/८१-०८२/८३ | १०० | ४० |
| १३ | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | जेष्ठ नागरिक केन्द्रित स्वास्थ्य सुविधा | २०८०/८१-०८२/८३ | ६०० | २०० |
| १४ | वडास्तरीय जेष्ठ नागरिक सत्संग, योग तथा ध्यान केन्द्र निर्माण | सत्संग, योग तथा ध्यान सुविधा | २०८०/८१-०८२/८३ | १५०० | २०० |
| १५ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | जेष्ठ नागरिक सम्मान | २०८०/८१-०८२/८३ | ५०० | १५० |
| १६ | पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन र अपाङ्गता परिचय पत्र वितरण | तथ्याङ्क संकलन र परिचय पत्र वितरण | २०८०/८१-०८२/८३ | २०० | १०० |
| १७ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिप विकास तालिम | सीप र आर्थिक निर्भरता | २०८०/८१-०८२/८३ | ५०० | ११० |
| १८ | पूर्ण अपाङ्गहरूलाई आवश्यकता अनुसार सामाग्री र जीवन निर्वाह भत्ता | अपाङ्गमैत्री सामाग्री वितरण जीवन निर्वाहमा सहयोग | २०८०/८१-०८२/८३ | ८०० | ५७० |
| १९ | सरकारी सेवामा मूल प्रवाहिकरण गर्न विशेष तयारी कक्षा सञ्चालन | क्षमता विकास | २०८०/८१-०८२/८३ | १०० | ३०० |
| २० | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | शैक्षिक सामाग्रीको सहज उपलब्धता | २०८०/८१-०८२/८३ | ५०० | ३०० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| २१ | दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम | परम्परागत सीपको आधुनिकिकरण | २०८०/८१-०८२/८३ | १००० | ३०० |

### जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान भई सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा मात्र मनो-सामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ। घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक-आर्थिक नेतृत्व विकास हुने संभावना रहन्छ। प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजन, बहुसरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ।

## ४.५ बालबालिका

### पृष्ठभूमि

बालबालिकाको समग्र वर्तमान अवस्थाले भोलीको राष्ट्र तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने छ भन्ने निर्धारण गर्दछ। तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु नागरिकको दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्। यी विषय हामीले भोलीको समाज र राष्ट्र निर्माणमा गरिने वृहद लगानीसँग गाँसिएका विषयहरु हुन्। नगरपालिकाको घरधुरी सर्भेक्षण, २०७५ अनुसार, नगरपालिकामा ५ वर्ष उमेर समुहसम्मका बालबालिकाको संख्या ४,९८० जना अर्थात ८.९२ प्रतिशत रहेको छ। यसैगरी ६ देखि १४ बर्ष उमेर समुहका बालबालिकाको संख्या १७,०९२ जना अर्थात ३०.६२ प्रतिशत रहेको छ। जनसांख्यिक हिसाबले यो ठूलो हिस्सा मानिन्छ। त्यसकारण समाज र देशको उन्नत भवष्यि निर्माणमा राज्यको नीति, लगानी र कार्यक्रम समन्वयात्मक तवरबाट केन्द्रित हुनुपर्ने देखिन्छ।

### समस्या तथा चुनौती

सबै प्रकारका बालश्रम, बाल यौन शोषण, बालविवाह तथा बालहिंसाको अन्त्य गरी बालमैत्री शासनको स्थापना, बालबालिकाको शिक्षा, दिक्षा, पोषण र स्याहार सुसार सम्बन्धी चेतनाको विस्तार तथा उचित विकास र संरक्षणको लागि नगरपालिकाले उचित नीति, बजेट र कार्यक्रम तर्जुमा गर्नु पर्ने दीर्घकालीन समस्या र चुनौती रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज |

## लक्ष्य

बालबालिकाको अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने

## उद्देश्यहरू

बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु

## रणनीति

१. बालअधिकार सम्बन्धी जनचेतना जागरण गर्ने ।

२. अति विपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।

३. बालअधिकार सम्बन्धी नीतिगत सुधार तथा व्यवस्था ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | बालबालिकाको स्थिति अवगत | २०८०/८१-०८२/८३ | ५०० | ० |
| २ | बाल अधिकार सम्बन्धी अभिभावक, विद्यालयस्तरीय सचेतना कार्यक्रम | बाल अधिकार सम्बन्धी सचेतना अभिवृद्धि | २०८०/८१-०८२/८३ | ५०० | २४० |
| ३ | अतिविपन्न, असहाय बालबालिकाको व्यक्तिगत विवरण संकलन, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | शिक्षा स्वास्थ्य र पोषणमा सबै बालबालिकाको पहुँच सुनिश्चित | २०८०/८१-०८२/८३ | ५०० | ३०० |
| ४ | बाल संरक्षण समिति स्थापना | बाल संरक्षण | २०८०/८१-०८२/८३ | १०० | ४० |
| ५ | बालश्रम र बालविवाह मुक्त नगरपालिका घोषणा | बालमैत्री नगरपालिका | २०८०/८१-०८२/८३ | ३०० | १०० |
| ६ | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभियान | बालशोषण र बाल हिंसा विरुद्ध जनचेतना अभिवृद्धि | २०८०/८१-०८२/८३ | ५०० | २०० |
| ७ | बालक्लबमा आबद्ध बालबालिकाको नेतृत्व विकास तालिम | बालबालिकाको नेतृत्व विकास | ०८०/८१-०८२/८३ | २५० | ९० |

## जोखिम पक्ष तथा अनुमान

बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिष्पर्धी कर्णधारको

विकास गर्न संभव हुन्छ । नैतिकता, समाजिक मुल्य, मान्यता, अनुशासन जस्ता विषयमा बालबालिकालाई मूलप्रवाहिकरण गर्न नसकिएमा समग्र देशको भविष्य नै अन्यौलग्रस्त हुनसक्छ ।

## ४.६ युवा, मानव संसाधन, श्रम तथा रोजगार

### पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन् । युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन् । नगरपालिकाको घरधुरी सर्भेक्षण २०७५ को तथ्याङ्क अनुसार ठाकुरबाबा नगरपालिकाभित्र १५ देखि ५९ वर्ष सम्मका सक्रिय यूवाको संख्या ३०,२९६ अर्थात ५५ प्रतिशत रहेको छ । काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांश हो । यो सक्रिय जनसंख्याको उपस्थिति मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो

### समस्या तथा चुनौती

श्रमको सम्मान गर्ने भावना, सीप, स्वरोजगार र उद्यमशिलता विकास गर्ने शिक्षा प्रणालीको विकास, सकरात्मकता, सामाजिक सद्भाव र सामुदायिक विकासमा योगदान सम्बन्धी चेतनाको विस्तार, अनुशासन र सामाजिक कुसंस्कार उन्मुलन योगदानमा युवाको संलग्नता वृद्धिको कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने चुनौती रहेका छन् । युवा पलायनलाई रोक्न ठोस योजनाको कमी जस्ता समस्या समेत विद्यमान रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| नगरपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने |
| **उद्देश्यहरू** |
| ✓ श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु |

### रणनीति

१. युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।
२. दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | युवा स्थितिपत्र तयार पार्ने | युवाको बारेमा जानकारी | ०८०/८१-०८२/०८३ | २०० | ० |
| २ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | रोजगारीका लागि बाहिरिने युवाहरूको बारेमा जानकारी | ०८०/८१-०८२/०८३ | ३०० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ३ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | युवालाई तालिमको व्यवस्था | ०८०/८१-०८२/८३ | ५०० | १५० |
| ४ | युवा स्वयंसेवा दस्ता तालिम | तालिम प्राप्त युवा उत्पादन | ०८०/८१-०८२/०८३ | २०० | ० |
| ५ | युवा कलाकारिता तालिम | कलाकार उत्पादन | ०८०/८१-०८२/०८३ | २५० | ० |
| ६ | प्रधानमन्त्री रोजगार विशेष तालिम | स्वरोजगार अभिवृद्धि | ०८०/८१-०८२/०८३ | ५००० | ११०० |
| ७ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी नेतृत्व विकास तथा उद्यमशिलता विकास तालिम | युवामा नेतृत्व क्षमताको अभिवृद्धि | ०८०/८१-०८२/०८३ | ३००० | २०० |

### जोखिम पक्ष तथा अनुमान

नगरक्षेत्रमा बसोबास गर्ने युवाको अवस्था पहिचान गरी आवश्यकता सम्बोधन गर्ने विशिष्ट र सामान्य प्रकृतिका कार्यक्रम तर्जुमा, नवप्रवर्तनकारी सोच, व्यवसायीक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा स्खलन, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन पुगी समाज अवन्नतिको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.७ खेलकुद तथा मनोरञ्जन

### पृष्ठभूमि

अनुशासन, राष्ट्रिय भाइचारा प्रदर्शनी गरी शारीरिक तन्दुरुस्ती कायम गर्न खेलकुद विकासको अहम् महत्व रहेको हुन्छ । विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल, फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवर्द्धन मार्फत विश्व परिचित मात्र नभई खर्बौं डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ ।

### समस्या तथा चुनौती

खेलकुद क्षेत्रको विकासका लागि दीर्घकालिन सोचको अभाव, खेलाडीमा  व्यवसायिकताको कमी, आधुनिक र सुविधा सम्पन्न खेल र मनोरञ्जनात्मक पूर्वाधारको अभाव, समयसापेक्ष क्षेत्रीय र राष्ट्रियस्तरका प्रतिस्पर्धाको आयोजना नहुनु लगायतका चुनौती विद्यमान रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शारीरिक र मानसिक रुपमा स्वस्थ नागरिक निर्माण |
| **लक्ष्य** |

शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने

**उद्देश्यहरू**

✓ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु

## रणनीति

१. खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने ।
२. खेलाडी पहिचान तथा प्रशिक्षण गर्ने ।
३. खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ।
४. स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | वडास्तरीय खेलकुद समितिको स्थापना, खेल मैदान निर्माण र मर्मत सम्भार तथा खेल सामाग्री खरिद | खेलकुद विकासको लागि संस्थागत, आर्थिक र अन्य व्यवस्थापन | ०८०/८१-०८२/०८३ | ३००० | १००० |
| २ | नगरपालिकास्तरीय एक सुविधासम्पन्न रंगशाला निर्माण | बहुप्रयोगात्मक रंगशाला निर्माण | ०८०/८१-०८२/०८३ | ६५०० | ० |
| ३ | खेलाडीको व्यक्तिगत विवरण तयारी | खेलाडीको अद्यावधिक विवरण उपलब्ध | ०८०/८१-०८२/०८३ | १०० | ० |
| ४ | खेलाडी प्रशिक्षण (नियमित, स्थानीय, प्रादेशिक र राष्ट्रियस्तरको प्रतियोगिता) | नियमित प्रशिक्षण | ०८०/८१-०८२/०८३ | १००० | २५० |
| ५ | अन्तरविद्यालय वार्षिक खेलकुद प्रतियोगिता आयोजना | स्वस्थ प्रतिस्पर्धा र अनुशासनको विकास | ०८०/८१-०८२/०८३ | ३५०० | १००० |
| ६ | मेयरकप क्रिकेट प्रतियोगिता | स्वास्थ्य र मनोरञ्जनमा जोड | ०८०/८१-०८२/०८३ | ३००० | ७५० |
| ७ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | सहयोग, अनुशासन र सामुहिक भावनाको विकास | ०८०/८१-०८२/०८३ | २००० | ५०० |
| ८ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | मनोरञ्जनात्मक गतिविधिको सूची | ०८०/८१-०८२/०८३ | १०० | ० |
| ९ | वनभोजस्थल व्यवस्थापन | मनोरञ्जनात्मक गतिविधिको व्यवस्थापन | ०८०/८१-०८२/०८३ | ५०० | ५०० |
| १० | वडास्तरीय पार्क सम्भाव्यता अध्ययन | खुल्ला स्थानको व्यवस्थापन | ०८०/८१-०८२/०८३ | ४०० | ० |

## जोखिम पक्ष तथा अनुमान

पर्यावरण र मनोरञ्जनात्मक गतिविधिबीच सन्तुलन कायम, वडा, नगर, प्रदेश र राष्ट्रियस्तरका खेलमा नगरपालिकबाट प्रतिनिधित्व, परम्परागत मनोरञ्जनका माध्यमको संस्थागत संरक्षण भइ स्वस्थ र समुन्नत नगरको विकास भएको हुनेछ । स्वास्थ्य, अनुशासन, मनोरञ्जनात्मक गतिविधि सञ्चालनमा पर्याप्त स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्न नसकिएमा समाज पहिचानविहिन र यान्त्रिक हुने जोखिम रहन्छ ।

## ४.८ सामाजिक सुरक्षा

### पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी उल्लेख गरिएको छ। अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ।

### समस्या तथा चुनौती

लक्षित समुहको सहि पहिचान र अभिलेख व्यवस्थापन, दीर्घकालीन र जीवनस्तर सुधार गर्ने सामाजिक सुरक्षाका कार्यक्रम तर्जुमा र तीनै तहका सरकारबाट प्रदान गरिने कार्यक्रमबीच सामञ्जस्यता कायम गर्नुपर्ने जस्ता समस्या र चुनौती विद्यमान रहेका छन्।

### दीर्घकालनीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा

**लक्ष्य**

असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभाकत्व दिने

**उद्देश्यहरू**

- ✓ सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु

### रणनीति

१. सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | सामाजिक सुरक्षा तथ्याङ्क प्रणाली निर्माण | ०८०/८१-०८२/०८३ | २०० | ० |
| २ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल गर्ने अध्ययन | एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास | ०८०/८१-०८२/०८३ | २०० | ० |
| ३ | योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षा | ०८०/८१-०८२/०८३ | ५०० | ० |

| व.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ४ | अनौपचारिक तथा निजी क्षेत्रमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा | योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन | ०८०/८१-०८२/०८३ | ५०० | ० |

### जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षाका कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । नगरपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ४.९ शान्ति सुरक्षा

### पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराधिक मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रवन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ । यसर्थ नगरपालिकाले नगरमा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध र आवश्यक सङ्ख्यामा दरबन्दी कायम गरी शान्ति सुव्यवस्था कायम गर्नु आवश्यक छ ।

### समस्या तथा चुनौती

विकृत मनोभावना र कियाकलापलाई मनोसामाजिक परामर्श, रचनात्मक कार्यमा संलग्नता मार्फत सकारात्मक उर्जामा परिवर्तन, हातहतियार, लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको ऐक्यबद्धता र सहयोग, हिंसा सम्बन्धी उजुरी र छिटो छरितो कानुनी उपचारको व्यवस्था, सुरक्षाका लागि पर्याप्त पूर्वाधार सहित जनशक्ति व्यवस्थापन लगायतका समस्या तथा चुनौती यस नगरपालिकामा रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित नगरपालिका |
| **लक्ष्य** |
| नगरपालिकाबासिलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महसुस गराउने |
| **उद्देश्यहरू** |
| समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु |

### रणनीति

१. सुरक्षा पूर्वाधारको विकास गर्ने ।

२. संस्थागत क्षमता विकासका कृयाकलाप सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | समग्र नगरपालिका सुरक्षा योजना तयार गर्ने | सुरक्षा योजना तयार | ०८०/८१-०८२/०८३ | २०० | ० |
| २ | प्रहरी चौकी विस्तार गर्न सम्भावित स्थानको पहिचान | आवश्यकताको आधारमा प्रहरी चौकी निर्माण | ०८०/८१-०८२/०८३ | ५० | ० |
| ३ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थान बारे अध्ययन गर्ने | सुरक्षा गस्तीको रुट तय | ०८०/८१-०८२/०८३ | ३०० | ० |
| ४ | Hot Line सेवा सञ्चालन | आपतकालिन सुरक्षा व्यवस्था | ०८०/८१-०८२/०८३ | १०० | ० |
| ५ | सघन बजार र वस्ती क्षेत्रमा CCTV जडान | सुरक्षा व्यवस्था | ०८०/८१-०८२/०८३ | १६५० | ३०० |
| ६ | गुप्तचर सेवा तालिम | अनुसन्धानमा सहयोग | ०८०/८१-०८२/०८३ | २० | ० |
| ७ | नगर प्रहरी व्यवस्थापन तथा तालिम | दक्ष जनशक्ति | ०८०/८१-०८२/०८३ | ५००० | १००० |

## जोखिम पक्ष तथा अनुमान

बढ्दो दुर्व्यसनी, आपराधिक मानसिकता, अस्वस्थ्य प्रतिस्पर्धा, सिमापार हुने अपराधको नियन्त्रण जस्ता विषयलाई समयमा नै सम्बोधन गरी आधारभूत शान्ती सुव्यवस्था कायम गर्न सकिएमा विकास र समृद्धि संभव हुन्छ । शान्ती सुव्यवस्था, मानव अधिकारको स्थापना र अमनचयन बनाइराख्न नसकिएमा दिगो विकास र सामाजिक न्याय समेत जोखिममा पर्न सक्छ ।

# ४.१० शवदाहस्थल तथा चिहान व्यवस्थापन

## पृष्ठभूमि

हरेक नगरपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृतिअनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई समयानुसार व्यवस्थित बनाउनु पर्दछ ।

## समस्या तथा चुनौती

सार्वजनिक स्थलको अतिक्रमण र सहरी क्षेत्रमा बढ्दो जनसंख्या जस्ता विषयलाई ध्यान दिई मौलिक परम्परा कायम रहने र सम्मानजनक रुपमा शव दहन गर्न सकिने गरी शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्नु पर्ने चुनौती यस नगरपालिकालाई समेत रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा चिहान व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने |
| **उद्देश्यहरू** |
| शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु |

## रणनीति

सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र चिहानको पूर्वाधार तयार गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | शवदाहस्थल तथा चिहानहरूको नक्साङ्कन | व्यवस्थित शवदाहस्थल तथा चिहान निर्माण | ०८०/८१-०८२/०८३ | १०० | ० |
| २ | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र चिहान क्षेत्र तारबार | आवश्यकताको आधारमा शवदाहस्थल तथा चिहान निर्माण | ०८०/८१-०८२/०८३ | १००० | ० |
| ३ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | सामाजिक सहयोग | ०८०/८१-०८२/०८३ | ५९० | २०० |
| ४ | माहामारी शव व्यवस्थापन योजना निर्माण | संक्रमणजन्य रोग व्यवस्थापन | ०८०/८१-०८२/०८३ | २०० | ० |
| ५ | शव वाहन खरिद | सहज शव परिवहन | ०८०/८१-०८२/०८३ | २२०० | ० |

## जोखिम पक्ष तथा अनुमान

सहरी सौन्दर्यमा असर नपर्ने तथा विभिन्न जात, धर्म, समुदाय तथा सम्प्रदायको मनोभावना र सांस्कृतिक चालनचलन अनुसारको शवदाहस्थलको स्थापना बारेमा समयमा नै नीति तथा कार्यक्रम तय नगरिएमा नगरबासीको स्वास्थ्य, शहरी सौन्दर्य लगायतका विषयमा जोखिम आउन सक्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | ९६ | ९८.४ |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | ६४ | ७६ |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | प्रतिशत | ६० | ७२ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | २८ | ३५ |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | ५२ | ६० |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | १४५६ | १५०९ |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | ७० | ८० |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | २८ | ३२ |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | | १.२ | १.०८ |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | १.०१ | १.०३ |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ९० | ९६ |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ८५ | ९४ |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | १४.४ | १६.३९५ |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | १०० |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | १०० |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | १०० |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | ९० | ९५ |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | ७५ | १०० |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | ७५ | १०० |
| | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | ८२.४९ | ९० |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | ८४.५ | ९० |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | ७२.५ | ८८ |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २ | ५ |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | २ | २ |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ६० | ६० |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ४० | ४० |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | १० | १० |
| | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | ४ | ४ |
| | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | १० | १० |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | १५ | १५ |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | १० | १० |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | ६० | ६० |
| | असर | बुक कर्नर सुविधा भएका विद्यालय | प्रतिशत | ८० | ८० |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | २५ | ५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | ६० | ८० |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | १ | १ |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | ० | ३ |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | १६ | १६ |
| २. | **स्वास्थ्य** | | | | |
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | १०० | १०० |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ३३ | ० |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | २८ | ० |
| | प्रतिफल | कुष्ठरोगी बिरामी वार्षिक | संख्या | ३७ | ३७ |
| | प्रतिफल | कालाजार बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | हात्तिपाइले बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | डेङ्गु बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | मुटुसम्बन्धीबिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | क्यान्सर बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | मधुमेह बिरामी वार्षिक | संख्या | | |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धीदीर्घ रोग दम आदिका बिरामी | संख्या | २४३९ | २१९५ |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | ५ | १ |
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदुर प्रति लाख जनसंख्यामा | संख्या | | |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ४५ | ५५ |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | ३५ | ४० |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | ९६.९५ | १०० |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | | |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | ७४.७४ | ८५ |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | ९.८८ | १५ |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | ८० | ८५ |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंख्यामा) | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | १ | २ |
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | | |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | २ |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | २ |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | २ |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | |
| | प्रतिफल | योग केन्द्र | संख्या | | |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १९.७५ | ५० |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | ० | ३ |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | | |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | | |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | २०७ | १८० |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | | |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | | |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | १ | २ |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | ५ | १५ |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | ४ | ५ |
| ३. | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | ० | १ |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रममा समावेश (सम्पदा) | संख्या | ० | १ |
| | प्रतिफल | साँस्कृतिक बृत्त चित्र | संख्या | ० | १ |
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | |
| | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि (वार्षिक) | संख्या | ० | ० |
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम (वार्षिक) | संख्या | ० | ० |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | १ | १ |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | १ | २ |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | ३ | १० |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | २ | ३ |
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | २ | ३ |
| | प्रतिफल | साँस्कृतिक (कला र साहित्य) उत्सव (Art and Literature Festival) | संख्या | १ | ५ |
| | प्रतिफल | कला संग्रहालय | संख्या | १ | ३ |
| ४. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या ( प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | ८.२६ | १२ |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको(प्रतिशतले घटाउदै लैजाने) | प्रतिशत | | |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या ( संख्यामा) घटनाको आधारमा (प.दि.वि.ल. १६.१.१) | संख्या | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात (प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | |
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) ( प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात (प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | ४६.८० | ४८ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | ८.८८ | १२ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | २२.२२ | २५ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | ० | ० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | ० | ५ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | ० | ५ |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | ० | ५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | शारीरिक/यौनहिंसा अनुभग गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) (प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) ( प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | १६ | १२ |
| | असर | नगरपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व ( प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | ० | ३० |
| | असर | नगरपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व ( प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | ० | ३० |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व(Bodies)(प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | ० | ३० |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | ४६.८० | ५० |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता ( प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | ६० | ७० |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | |
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | |
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | ७० | ८० |
| **५.** | **बालबालिका** | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | बालगृह संख्या | संख्या | ० | १ |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | | |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | ० | १ |
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | १० | ३० |
| ६. | **युवा श्रम तथा रोजगार** | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | | |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | | |
| | असर | महिला रोजगार युवा | प्रतिशत | | |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | |
| | प्रतिफल | महिला युवा उद्यमीहरू | संख्या | | |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवा | संख्या | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | संख्या | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | | |
| ७. | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | १ | २ |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | १ | २ |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | २८ | २८ |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | ० | १ |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | ० | १ |
| | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | ० | ३ |
| | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | १ | २ |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | ३ | ५ |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | २ | ३ |
| ८. | **शान्ति सुरक्षा** | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | | ३ | ५ |
| | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | | |
| | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नेपाल प्रहरी | संख्या | | |
| | प्रतिफल | नेपाली सेना | संख्या | | |
| | प्रतिफल | शसस्त्र प्रहरी | संख्या | | |
| | प्रतिफल | नगर प्रहरी | संख्या | ० | १३ |
| | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत ( प.दि.वि.ल. १६.१.४) | प्रतिशत | ६० | ८० |
| | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | १५ | २० |
| | | | | | |
| ९. | **शवदाहस्थल तथा चिहान व्यवस्थापन** | | | | |
| | प्रतिफल | व्यवस्थित शवदाह स्थल/चिहानको संख्या | संख्या | ० | ३ |
| | प्रतिफल | शववाहनको संख्या | संख्या | ० | १ |

*स्रोत: ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

नगरपालिकाको वास (WASH) घरधुरी सर्भेक्षण, २०७६ का अनुसार यहाँको खानेपानीको स्रोतको अवस्थाको आधारमा निजी धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या ६२६, सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी संख्या ११ (५० मि. भन्दा माथिको), ट्यूबेलको पानी प्रयोग गर्ने संख्या ५ (५० मि. भन्दा कमको), ट्यूबेलको पानी प्रयोग गर्ने संख्या ९, ८१२ रहेको छ । यसरी हेर्दा जम्मा घरधुरी १०, ४५४ को ५.९८ प्रतिशत घरधुरीले मात्र निजी धारा प्रयोग गरिरहेको अवस्था छ भने बाँकी ९३.५८ प्रतिशत घरधुरीले (५० मिटर भन्दा कमको) ट्यूबेलको पानी प्रयोग गरिरहेका छन् ।

### समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाइड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गइ हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, मानव तथा पशुजन्य विकारलाई पानीको मुहानभन्दा टाढा व्यवस्थापन लगायतका समस्या र चुनौती रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |
| **लक्ष्य** |
| नगरपालिका सम्पूर्ण वडाहरुमा/बस्तीहरुमा स्वच्छ खानेपानी पुर्‍याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुर्‍याउनु<br>✓ नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुर्‍याउनु |

### रणनीति

१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने ।
२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने ।
३. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने ।
४. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने ।
५. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | खानेपानीको मुहान पहिचान तथा वितरण | खानेपानीको मुहान पहिचान | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| २ | खानेपानी आयोजनाको निर्माण | खानेपानी आयोजनाको निर्माण | ०८०/८१-०८२/०८३ | ५००० | १००० |
| ३ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | ०८०/८१-०८२/०८३ | १००० | ५०० |
| ४ | स्वस्थ खानेपानी आपूर्ति पाइप लाईन विस्तार | स्वस्थ खानेपानी आपूर्ति पाइप लाईन विस्तार | ०८०/८१-०८२/०८३ | ७००० | ५०० |
| ५ | एक घर एक धारा | स्वस्थ पिउने पानीको व्यवस्था | ०८०/८१-०८२/०८३ | ११००० | ५०० |
| ६ | खानेपानी आयोजनाको संभाव्यता अध्ययन | संभावित खानेपानीको स्रोत | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| ७ | खानेपानी स्रोत संरक्षण तथा सरसफाइ व्यवस्थापन कोष तथा अनुगमन संयन्त्र निर्माण | खानेपानी मुहान संरक्षण र व्यवस्थापन | ०८०/८१-०८२/०८३ | ५०० | ५०० |
| ८ | शौचालय निर्माण अनुदान | सौचालयको प्रयोगलाई प्रोत्साहन | ०८०/८१-०८२/०८३ | ३७०० | ० |
| ९ | सार्वजनिक स्थल तथा बजार केन्द्रमा सार्वजनिक शौचालय, फोहोर संकलन केन्द्रको निर्माण | मानवजन्य तथा अन्य प्रकारका फोहोर व्यवस्थापन | ०८०/८१-०८२/०८३ | १८०० | ० |
| १० | नगरपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण | ल्यान्डफिल साइटको निर्माण | ०८०/८१-०८२/०८३ | १०००० | ० |
| ११ | सघन वस्ती क्षेत्रमा ढल निर्माण | व्यवस्थित बस्ती विकास | ०८०/८१-०८२/०८३ | ८२०० | १००० |
| १२ | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र नीजि क्षेत्रसँग सहकार्यका लागि कार्ययोजना निर्माण | सरोकारवालाबीच सहकार्य | ०८०/८१-०८२/०८३ | १०० | ५०० |
| १३ | क) वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम<br>ख) फोहोर पुन:प्रयोग गर्न तालिम | फोहोरमैलाको उचित व्यवस्थापन र बहुप्रयोग | ०८०/८१-०८२/०८३ | ५०० | ५०० |
| १४ | सरसफाई कार्यक्रम सञ्चालन | सहकार्य र साझेदारीमा आधारित फोहोरमैला व्यवस्थापन | ०८०/८१-०८२/०८३ | ८०० | ६५७ |
| १५ | स्थानीय सञ्चार माध्यममा सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम | सञ्चारका माध्यम मार्फत जनचेतना अभिवृद्धि | ०८०/८१-०८२/०८३ | ४६० | ३०० |

### जोखिम पक्ष तथा अनुमान

पिउनयोग्य खानेपानीको मुहान पहिचान हुने, स्वच्छ पिउने पानी वितरण प्रणाली स्थापना हुने, पिउने पानी शुद्धीकरणको विधि बारे नगरबासी सचेत भएका हुने, मानवजन्य र अन्य फोहोरमैलाको उचित व्यवस्थापन भई सफा र हराभरा नगर निर्माण हुने, खानेपानी र फोहोरमैला व्यवस्थापनमा सामुदायिक र निजी संस्थाको संलग्नता बढी सुविधा सम्पन्न नगर विकास भएको हुने । उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन मुल्याङ्कन हुन नसकेमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासका लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

## ५.२ सिंचाई

### पृष्ठभूमि

तराईको समथर मैदान रहेको कारण यस नगरपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ । यहाँ धान, गहुँ, मकै, तरकारी जस्ता कृषि उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ । नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहेको छ । तथापि अपर्याप्त सिंचाई सुविधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### समस्या तथा चुनौती

परम्परागत सिंचाइ प्रणालीलाई समयसापेक्ष परिवर्तन गर्नु, वातावरण अनुकुल र श्रोतको उपलब्धताको आधारमा सिंचाइका विभिन्न विकल्प विकास गर्नु, उपलब्ध जलाधार र जलस्रोतको उपयोग गर्न दिगो योजनाको विकास गर्नु जस्ता समस्या र चुनौती रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिंचाईयुक्त नगरपालिका |
| **लक्ष्य** |
| सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुऱ्याउने |
| **उद्देश्यहरू** |
| ✓ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याउनु<br>✓ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु |

### रणनीति

१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु ।
२. उच्च प्रतिफलयुक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने ।
३. कृत्रिम जलाशय निर्माण गरी वैकल्पिक सिंचाई प्रर्वद्धन गर्ने ।

४. संस्थागत संरचना सुदृढीकरण गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | प्राथमिकताको आधारमा सबै वडामा सिंचाइ पूर्वाधार निर्माण र मर्मत संभार | ०८०/८१-०८२/०८३ | १२००० | ० |
| ३ | भूमिगत तथा सतह सिंचाई सम्भाव्यता अध्ययन | सम्भाव्यता पहिचान | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| ४ | वैकल्पिक सिँचाइको व्यवस्था | वैकल्पिक सिँचाइको व्यवस्था | ०८०/८१-०८२/०८३ | ३००० | १००० |
| ५ | ठूला कृषि उत्पादन क्षेत्रमा सिंचाइको विशेष व्यवस्था | कृषि पूर्वाधारको व्यवस्था | ०८०/८१-०८२/०८३ | १३००० | ० |
| ६ | विद्युतका पोल तथा लाइनको व्यवस्था | विद्युतिकरणको लागि आवश्यक पूर्वाधार निर्माण | ०८०/८१-०८२/०८३ | ४५०० | १३५० |
| ७ | मर्मत संभार कोष स्थापना | निर्माण र मर्मत संभारको लागि स्रोत व्यवस्था | ०८०/८१-०८२/०८३ | १००० | ३०० |
| ८ | सिँचाइ उपभोक्ता समितिलाई स्रोत संरक्षण तथा दिगो सिँचाइ सम्बन्धी तालिमको व्यवस्था | जिम्मेवार उपभोक्ता समिति | ०८०/८१-०८२/०८३ | ५०० | १०० |
| ९ | हरित क्षेत्र विकास कार्यक्रम संचालन | हरित क्षेत्र विकास कार्यक्रम | ०८०/८१-०८२/०८३ | १००० | ० |
| १० | जलवायु अनुकुलन तथा प्रभाव न्युनीकरण कार्यक्रम संचालन | पर्यावरणमैत्री र जलवायु अनुकुल जीवनपद्धतिको निर्माण | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| ११ | मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम संचालन | जलाधार संरक्षण | ०८०/८१-०८२/०८३ | ५००० | ३००० |

## जोखिम पक्ष तथा अनुमान

कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध भइ उत्पादन वृद्धि हुने, जलाधार क्षेत्रको पहिचान, प्रयोग र संरक्षण भएको हुने, बहुउपयोगी जलाशय निर्माण भएको हुने, आलोपालो प्रणाली मार्फत सिंचाइको समानुपातिक सुविधा पुगेको हुने, जलवायु अनुकुल उत्पादन र सिंचाइ प्रणाली प्रयोगमा आएको हुनेछ। उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत संभार नहुने र कृषियोग्य भूमि बाँझो रहने जोखिम बढी अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ ऊर्जा

### पृष्ठभूमि

नगरपालिका घरधुरी सर्वेक्षण, २०७५ को तथ्याङ्क अनुसार यस नगरपालिकामा खाना पकाउनका लागि कुल घरधुरी मध्ये ७,२८८ घरधुरी अर्थात ६८ प्रतिशतले दाउरा प्रयोग गर्ने गरेका छन् । त्यसैगरी १,९०४ अर्थात १८ प्रतिशतले एलपी ग्याँस, १,२१६ घरधुरी अर्थात ११ प्रतिशतले गोबरग्याँस, १२५ घरधुरी अर्थात २ प्रतिशतले विजुली को प्रयोग गर्ने गरेका छन् । यहाँका अधकाशं घरधुरीले उज्यालो बत्तीको लागि भने विजुली बत्ती प्रयोग गर्दै आएका छन् ।

### समस्या तथा चुनौती

विद्युतीकरणको लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफरको क्षमतामा स्तरोन्नती, विभिन्न स्थानमा अग्ला रुख, झाडी कटान गरी विद्युत प्रवाहको अवरोध हटाउन पहल, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौतीको समाधान गर्नुपर्ने देखिन्छ ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त नगरपालिका |
| **लक्ष्य** |
| नगरपालिकावासीहरुमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने |
| **उद्देश्यहरू** |
| ✓ ऊर्जामा सबै नगरपालिका बासीको पहुँच पुऱ्याउनु ।<br>✓ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु । |

### रणनीति

१. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने ।
२. विद्युत क्षमता वृद्धि गर्ने ।
३. विद्युत् उपयोग बढाउने ।
४. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने ।
५. विद्युत चुहावट नियन्त्रण गर्ने
६. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | | | ०८०/८१-०८२/०८३ | | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | परम्परागत उर्जामा निर्भरता न्युनीकरण | ०८०/८१-०८२/०८३ | २००० | ० |
| २ | विद्युत वितरण प्रणाली सुदृढीकरण | विद्युतको सहज उपलब्धता | ०८०/८१-०८२/०८३ | १५०० | २०० |
| ३ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | ट्रान्सफर्मर जडान | ०८०/८१ ०८२/८३ | २००० | ५०० |
| ४ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार | अनअवरुद्ध विद्युत सेवा | ०८०/८१-०८२/०८३ | ३५०० | ३०० |
| ५ | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | उर्जामा सार्वजनिक निजी साझेदारी | ०८०/८१-०८२/०८३ | ५० | ० |
| ६ | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान | सार्वजनिक स्थानमा सडक बत्तीको व्यवस्थापन | ०८०/८१-०८२/०८३ | १२०० | ४०० |
| ७ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | ०८०/८१-०८२/०८३ | ३३० | ० |

### जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा अपेक्षित उपलब्धि हासिल हुन्छ। उल्लिखित कियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ।

## ५.४ सडक तथा यातायात

### पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको छ। यस नगरलाई पूर्व पश्चिम लोकमार्गको कोहलपुर, कर्णाली चिसापानी खण्डले पार गरेको छ। नगरपालिका भित्रका सहायक सडकहरुले नगरका सबै वडा र टोलहरुलाई जोडेको अवस्था छ। यहाँको सडक संजालले स्थानिय बजार, कृषि क्षेत्र, राष्ट्रिय राजमार्ग, राष्ट्रिय निकुञ्ज लगायतका क्षेत्रसंग सहज पहुँच बनाएको छ। नगरपालिकाको पछिल्लो ४ बर्षको प्रगती विवरणमा समावेश भएको ठाकुरबाबा नगरपालिका हिजो र आजमा उल्लेखित तथ्याङ्क अनुसार नगरपालिकामा पछिल्लो ४ बर्षयता ४३, ९४० मि. नयाँबाटो निर्माण, ६७, ७५६ मि. ग्राभेल, ९, ४९१ मि. सडक कालोपत्रे भएको पाउन सकिन्छ। यसै गरी ७२ वटा कल्भर्ट निर्माण, ४७० स्थानमा ह्यूमपाइप राख्ने कार्य भएको पाउन सकिन्छ। नगरपालिकाका प्रत्येक वडामा नगरका वडा स्तरिय गौरवका आयोजना संचालन मार्फत करिब १३ कि. मि. सडक कालोपत्रे गर्ने कार्य भएको छ।

## समस्या तथा चुनौती

सडक पूर्वाधार सम्बन्धी एकीकृत गुरुयोजनाको अभाव हुनु, पर्यावरणमैत्री र बाह्रै महिना संचालन हुने गरी सडकको स्तरोन्नति गर्नु, सामाजिक र आर्थिक विकासका पूर्वाधारबीच अन्तर आबद्धता कायम गर्नु जस्ता समस्या र चुनौती यस नगरपालिमामा समेत रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता

**लक्ष्य**

नगरपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने

**उद्देश्यहरू**

- ✓ नगरपालिकावासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु ।
- ✓ नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

## रणनीति

१. नगरपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने ।
२. विद्यमान सडक पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने ।
३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने ।
४. हेलिप्याड निर्माण गर्ने ।
५. सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने ।
६. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।
७. दिगो तथा वातावरणमैत्री प्रविधिमा जोड दिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | सडक तथा यातायात गुरुयोजना निर्माण | प्रणालीबद्ध सडक सञ्जालीकरण | ०८०/८१-०८२/८३ | १००० | १००० |
| २ | निर्माणाधिन सडक निर्माण तथा संचालन | सडक निर्माण तथा संचालन | ०८०/८१-०८२/८३ | ५०००० | ४०१०० |
| ३ | कृषि सडकहरूको विस्तार तथा स्तरोन्नति | कृषि सडकहरूको विस्तार र स्तरोन्नति | ०८०/८१-०८२/८३ | १२५०० | ० |
| ४ | वडाकेन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे | सबै वडामा सडक सञ्जालीकरण | ०८०/८१-०८२/८३ | २६५०० | ५००० |
| ५ | बसपार्क तथा बस टर्मिनल निर्माण | विभिन्न वडामा आवश्यकताको आधारमा बसपार्क तथा बस टर्मिनल निर्माण | ०८०/८१-०८२/८३ | २५००० | ० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ६ | औद्योगिक, व्यवसायिक तथा कृषि क्षेत्र जोड्ने सडक निर्माण | गुणस्तरीय सडक पूर्वाधार | ०८०/८१-०८२/८३ | ४००० | १३००० |
| ७ | सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण | सहरी पूर्वाधारको निर्माण | ०८०/८१-०८२/८३ | ३३०० | ११५ |
| ८ | सडक मर्मत संम्हारमा Bio-engineering प्रविधि अवलम्बन गर्ने | गुणस्तरीय सडक सेवा | ०८०/८१-०८२/८३ | १००० | ० |

### जोखिम पक्ष तथा अनुमान

नगरक्षेत्रका विशेषता र आवश्यकताका आधारमा सडक र हवाई पूर्वाधारको निर्माण हुने, सार्वजनिक स्थलमा विद्युत, शौचालय र प्रतिक्षालय निर्माण हुने, सडक पूर्वाधार निर्माणमा जस्तै मर्मत संभारका लागि पनि वार्षिक बजेट विनियोजन भएमा यातयातका पूर्वाधार निर्माण र प्रभावकारी सञ्चालनमा आउन सक्नेछन् । स्थानीयबासीको आवश्यकताको आधारमा रुटको निर्धारण, यातयात सञ्चालन, प्रभावकारी अनुगमन हुन नसकेमा यातयात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन तथा वस्ती विकास

### पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । नगरपालिकाका अधिकांश घरहरू अर्धपक्की तथा कच्ची अवस्थामा रहनुले यस नगरपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका छन । सार्वजनिक निर्माणको सम्बन्धमा अध्ययन गर्दा नगरपालिकाका ९ वडा मध्ये ८ वटा वडा कार्यालयहरुको नयाँ भवन निर्माण सम्पन्न भएको अवस्था छ । त्यसैगरी नगरपालिका भित्र वडा नं. ३ को नेउलापुरमा सुविधा सम्पन्न आधारभूत नगरअस्पताल निमार्णाधिन अवस्थामा रहेको छ भने नेउलापुर स्वास्थ्य चौकीको भवन, बगनाह स्वास्थ्य चौकीको भवन, शिवपुर स्वास्थ्य चौकीको भवन, रानीपुर आधारभूत स्वास्थ्य केन्द्रको भवन, नेउलापुर आधारभूत स्वास्थ्य केन्द्र भवन, बनकट्टी आधाभूत स्वास्थ्य केन्द्र भवन, मोहनपुर आधारभूत स्वास्थ्य केन्द्र भवन, ठाकुरद्वारा आधारभूत स्वास्थ्य केन्द्र भवन लगायत नगरपालिका भवन निर्माण कार्य सम्पन्न भएको अवस्था छ ।

### समस्या तथा चुनौती

भू-उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसक्नु, भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव रहनु, सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको, भवन निर्माण सम्बन्धी मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको, छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने, समथर भू-धरातलका कारण बस्तीमा डुबान तथा कटान हुने जस्ता समस्या तथा चुनौती रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

### दीर्घकालीन सोच

सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधा सम्पन्न आवासको प्रत्याभूति

### लक्ष्य

सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने

### उद्देश्यहरू

- ✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु
- ✓ सुरक्षित आवास तथा भवनहरु निर्माण गर्ने

## रणनीति

१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्दै लैजाने ।

२. घनाबस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने ।

३. एकीकृत सेवाप्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने ।

४. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | बस्ती विकास गुरुयोजना तयार | मनव बस्ती ब्यवस्थापन | २०८०/८१-२०८२/०८३ | १५०० | ० |
| २ | स्थानीय तह, निजी क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकीकृत बस्ती निर्माण | सहभागीतामुलक आवास निर्माण | ०८०/८१-०८२/८३ | ६५०० | ० |
| ३ | सामूहिक, सार्वजनिक तथा सरकारी भवन निर्माण | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८०/८१-०८२/८३ | ७०००० | ३६५०० |
| ४ | आर्थिक रूपले पिछडिएका वर्गको लागि आवास निर्माण तथा उपयुक्त संयन्त्र निर्माण | लक्षित वर्ग आवास निर्माण | ०८०/८१-०८२/८३ | १०००० | ३००० |
| ५ | आवश्यकताका आधारमा सरकारी भवन निर्माण | सबै प्रकारका सेवाग्राहीमैत्री सरकारी भवन निर्माण | ०८०/८१-०८२/८३ | २५००० | २३४६४ |
| ६ | सुरक्षित आवास निर्माणका लागि क्षमता अभिवृद्धि (डकर्मी तालिम) | सीपयुक्त जनशक्तिको उपलब्धता | ०८०/८१-०८२/८३ | ३०० | ० |
| ७ | अपाङ्ग मैत्री भवन निर्माण | अपाङ्ग मैत्री | ०८०/८१-०८२/८३ | २५००० | २३४६४ |

### जोखिम पक्ष तथा अनुमान

अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्न दीर्घकालीन योजना निर्माण गर्न नसकिएमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकासको लक्ष्य कार्यान्वयन दुवै जोखिममा पर्ने संभावना रहन्छ ।

## ५.६ सूचना तथा सञ्चार

### पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। नगरपालिकाको घरधुरी तथ्याङ्क संकलन २०७९ अनुसार करिब २५.४८ प्रतिशत जनसंख्यासँग मोवाइल फोन र ८.१ प्रतिशत घरधुरीमा टेलिभिजनको प्रयोग हुने गरेको छ। यहाँका जम्मा २.१८ घरधुरीमा रेडियोको पहुँच रहेको छ भने ९.७२ प्रतिशत घरधुरीले इन्टरनेट प्रयोग गर्ने गरेको पाइन्छ। यस नगरपालिकामा विभिन्न राष्ट्रिय दैनिक पत्रिका जस्तै गोरखापत्र, कान्तिपुर आदिको आपूर्ति हुने गरेको छ। नगरपालिकाभित्र एक मात्र रेडियो स्टेशनका रुपमा टाइगर एफ.एम. ९९.२ मेगाहर्ज सञ्चालनमा रहेको छ। आर्थिक विकासका लागि सूचना तथा संचारको विकास अत्यावश्यक भएका कारण यस नगरपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरु गर्नुपर्ने आवश्यकता छ।

### समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, अनुगमन र नियमन गर्नु जस्ता समस्या र चुनौती यो नगरपालिकामा समेत विद्यमान रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त नगरपालिका |
| **लक्ष्य** |
| नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |
| **उद्देश्यहरू** |
| ✓ नगरपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |

### रणनीति

१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने ।
२. नगरपालिकावासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने ।
३. क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | नगरपालिकाको वेबसाइट अपडेट | सूचनामा सहज पहुँच | ०८०/८१-०८२/०८३ | ३०० | २०० |
| २ | e-library स्थापना गर्ने | ज्ञानको विस्तार | ०८०/८१-०८२/०८३ | ७०० | ० |
| ३ | विद्युतीय सूचना पूर्वाधार निर्माण | विद्युतीय सूचनाको प्रयोगमा वृद्धि | ०८०/८१-०८२/०८३ | १५०० | ० |
| ४ | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | सुचनाको उत्पादन र खपत | ०८०/८१-०८२/०८३ | ६०० | २०० |
| ५ | सूचना प्रविधि तालिम संचालन | प्रविधिमैत्री कर्मचारी प्रशासन र कार्यालय | ०८०/८१-०८२/०८३ | ८०० | २०० |
| ६ | सञ्चारका साधन प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | सञ्चार माध्यम र साधनको दुरुपयोगबाट हुने सक्ने समस्या सम्बन्धी जनचेतना | ०८०/८१-०८२/०८३ | ३०० | ० |

## जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबीच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार कार्यक्रम केन्द्रित हुने, नगरपालिकाको वेभसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहुँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामाग्रीको गुणस्तरीय विकासको लागि क्षमता अभिवृद्धि गर्ने जस्ता कार्य गरिएमा अपेक्षित उपलब्धि हासिल हुने संभावना रहन्छ। आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोतसाधनको उचित विनियोजन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | ३१.८६ | ४० |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | ९९.५१ | १०० |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ५३.४४ | ६० |
| | असर | उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्देन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | २८.५५ | ४० |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | ६९.५ | ८० |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | ५.१८ | १० |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २८.५५ | ३५ |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | |
| २. | **सिँचाइ** | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | | |
| ३. | **विद्युत तथा उर्जा** | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या(प.दि.वि.ल. ७.१.१) | प्रतिशत | ९८.७ | १०० |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.७१ | १ |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | ८३.८ | ७० |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार ( प.दि.वि.ल. ७.१.२.२) | प्रतिशत | १५.१९ | १० |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.०७ | १ |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | |
| ४. | **सडक तथा यातायात** | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको १ देखि २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | १९.८८ | २५ |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | |
| | असर | सडक घनत्व | कि.मि. | | |
| | प्रतिफल | नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | |

| क्र. सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | नगरपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | | |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | |
| | प्रतिफल | सडकहरुमा व्यवस्थित नाला निर्माण | कि.मि | | |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | २२.३७ | ३० |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | ४.०१ | ५.२१ |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | ०.२५ | ०.३२ |
| **५.** | **वस्ती तथा आवास** | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | २.१५ | १.५ |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | | |
| | असर | बहुतले आवास (अपार्टमेन्ट) मा बस्ने परिवार | प्रतिशत | | |
| **६.** | **सूचना तथा संचार** | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार | प्रतिशत | २५.४८ | ५० |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ९.७२ | २५ |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | २.१८ | १० |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ८.१ | १५ |

*स्रोतः ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ६: वातावरण तथा विपद व्यवस्थापन

## ६.१ वन तथा भू-संरक्षण

### पृष्ठभूमी

ठाकुरबाबा नगरपालिकाको कूल क्षेत्रफल मध्ये ३८.६९ प्रतिशत भू-भाग वन जंगलले ओगटेको छ। यस नगरपालिकामा बर्दिया राष्ट्रिय निकुञ्ज लगायत १३ वटा मध्यवर्ती सामुदायिक वन, १ वटा धार्मिक वन र २७ वटा सामुदायिक वन रहेका छन्। वनजंगलले प्रशस्त क्षेत्र ओगटेको तथा मध्यवर्ती क्षेत्र हुनाले विभिन्न जनावर जस्तैः पाटे बाघ, चित्तल, हात्ती, बँदेल, जरायो, हरिण, मृग, अजिङ्गर, भालु, चितुवा, बाँदर, दुम्सी साथै चराचुरुङगी जस्तैः कोइली, मयुर, राजधनेश, मैना, कालिज, सुँगा, गिद्ध आदि पाइन्छ। वनस्पतिमा सिसौं, खयर, साल, सिमल, पारीजात तथा जडीबुटीमा गुर्जो, हर्रो, बर्रो, अमला आदि पाइन्छ। जलचर प्राणी माछा, पानीहाँस, गंगटा, भ्यागुता आदि रहेका छन् यो नगरपालिका वन्यजन्तु तथा पशुपछीं अनुसन्धानकर्ताहरुका लागि पनि आर्कषक थलोको रुपमा रहेको छ। नगरपालिका तराइको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

### समस्या तथा चुनौती

इन्धनको प्रमुख श्रोतका रुपमा वन पैदावरको प्रयोग अत्यधिक हुनु, वन पैदावर र जडीबुटी संकलन तथा प्रयोगलाई आर्थिक समृद्धिको रुपमा परिचालन गर्न नसक्नु, मानिस, वातावरण र जंगली जनावरबीच सन्तुलित सम्बन्ध बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस नगरपालिकामा समेत रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ वन क्षेत्रको दिगो व्यवस्थापन गरी नगरपालिकाको आर्थिक श्रोतको प्रमुख आधार बनाउनु<br>✓ वन तथा हरित क्षेत्रको दिगो विकास सुनिश्चित गर्नु<br>✓ कटानग्रस्त क्षेत्रको संरक्षण गर्नु। |

### रणनीति

१. हरित क्षेत्रको विस्तार गर्ने।
२. हरित क्षेत्र विस्तारलाई कृषि तथा आयआर्जनसँग विस्तार गर्ने।
३. वनको क्षेत्रफल बढाइने।
४. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
५. सम्पूर्ण कटानग्रस्त क्षेत्रको अभिलेख संकलन गर्ने।

६. कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुशरण गर्दै कटान नियन्त्रण गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | निजी वन प्रवर्द्धनको सम्भाव्यता अध्ययन र क्षमता विकास | हरित क्षेत्रको विस्तार | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| २ | फलफूल तथा अन्य विरुवा उत्पादन र अनुदानमा वितरण | फलफूल तथा अन्य विरुवा उत्पादनमा आत्मनिर्भर | ०८०/८१-०८२/०८३ | १८०० | |
| ३ | दिगो वन व्यवस्थापन सम्बन्धी तालिम | दिगो वन व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि | ०८०/८१-०८२/०८३ | ३०० | ० |
| ४ | नगरपालिकास्तरिय नर्सरी स्थापना | विभिन्न प्रजातिका बोटविरुवाको उत्पादन र वितरण | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| ५ | हरित क्षेत्र सम्भाव्यता अध्ययन तथा नक्शाङ्कन | हरित क्षेत्र पहिचान | ०८०/८१-०८२/०८३ | ४०० | ० |
| ६ | एक वन एक नर्सरी कार्यक्रम | स्थानीय हावापानी अनुसारका बेर्नाको सहज उपलब्ध | ०८०/८१-०८२/०८३ | ५०० | ० |
| ७ | वन उपभोक्ता समितिलाई तालिम | उपभोक्ता समितिको सशक्त नेतृत्व | ०८०/८१-०८२/०८३ | ३०० | ० |
| ८ | हरित क्षेत्र तथा पार्क निर्माण | स्थानको उपलब्धता र आवश्यकताको आधारमा विभिन्न वडामा हरित क्षेत्र र पार्क निर्माण | ०८०/८१-०८२/०८३ | १००० | ० |
| ९ | वृक्षारोपण मार्फत पानीको मुहान संरक्षण | जलाधार र मुहान संरक्षण | ०८०/८१-०८२/०८३ | २५० | ० |

## जोखिम पक्ष तथा अनुमान

निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारको लागि बोटविरुवाको बेर्ना वितरण, नदीजन्य कटान रोक्नका लागि तारजाली व्यवस्थापन, बायो इजिनियरिङ्ग विधि अवलम्वन गरी निर्माण जस्ता कार्य गर्न सकिएमा वन तथा भूसंरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

# ६.२ जलाधार व्यवस्थापन

## पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ । वातावरण तथा हरियाली प्रवर्द्धन गरी वातावरणको सन्तुलन कायम राखी जलाधार संरक्षण गर्नका लागि नगरपालिकाले सडकपेटी, नदिकिनार तथा सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्ने कार्य सञ्चालन  तथा बच्चाको जम्म भए संगै नयाँ विरुवा रोप्ने अभियान संचालन गरेको छ ।

## समस्या तथा चुनौती

जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन, पिउने पानी, कृषि र अन्य प्रयोजनको जलश्रोतको बहुउपयोगको व्यवस्थापन, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या र चुनौती रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने |
| **उद्देश्यहरू** |
| ✓ जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी आर्थिक समृद्धि हासिल गर्ने |

## रणनीति

१. जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने ।
२. जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने ।
३. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पोखरी निर्माण र संरक्षण | नगरपालिका सौन्दर्य वृद्धि र बहुउपयोग | ०८०/८१-०८२/०८३ | १४०० | ० |
| २ | वृक्षारोपण | वनजंगल संरक्षण र व्यवस्थापन | ०८०/८१-०८२/०८३ | २१०० | ० |
| ३ | निजी क्षेत्रको संलग्नतामा जलाधार क्षेत्र उपयोग गरी दिगो पर्यटन, कृषि र उद्योग क्षेत्रका कार्यक्रम संचालन गर्न अर्न्तकृया | जलाधार क्षेत्रको बहुपयोग | ०८०/८१-०८२/०८३ | १०० | ० |
| ४ | जनचेतनामूलक कार्यक्रम सञ्चालन | बहुसरोकारवाला निकाय र व्यक्ति सचेत | ०८०/८१-०८२/०८३ | २०० | ० |

## जोखिम पक्ष तथा अनुमान

जलाधार क्षेत्रको नक्सांकन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा वृक्षारोपण, प्राकृतिक पोखरीको संरक्षण र कृत्रिम पोखरीको निर्माण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ । जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस नगरपालिकामा पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस नगरपालिकामा विशेषगरी डुवान, बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेकाछन् । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ ।

### समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोप न्युनीकरण, नदी कटान र भूक्षय नियन्त्रण, व्यवस्थित र प्रणालीबद्ध मानव बस्ती विकास र शहरीकरण, विषादीजन्य र किटनाशक औषधिको प्रयोग सम्बन्धी सचेतना वृद्धि, विकास निमार्ण कार्यलाई पर्यावरणमैत्री बनाइ दिगो विकास लक्ष्य प्राप्तिमा सहजीकरण लगायतका समस्या र चुनौतीको विद्यमानता रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने |
| **लक्ष्य** |
| विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने |
| **उद्देश्यहरू** |
| ✓ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने<br>✓ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने |

### रणनीति

१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने ।
२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने ।
३. बिमा योजना लागू गर्ने ।
४. विपद् व्यवस्थापन योजना निर्माण गर्ने ।
५. विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने ।
६. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने ।
७. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको विस्तृत विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | समयमा सूचना संप्रेषण हुने | ०८०/८१-०८२/०८३ | २०० | १०० |
| २ | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | विपद् प्रतिकार्य स्वयंसेवक समूह गठन | ०८०/८१-०८२/०८३ | १५० | ० |
| ३ | विपद् उद्धार सामाग्री खरिद | सामाग्रीको उपलब्धता | ०८०/८१-०८२/०८३ | ३००० | १५०० |
| ४ | विपद् व्यवस्थापन कोष निर्माण तथा रकम थप गरी पीडितलाई राहत वितरण | विपद् व्यवस्थापन कोष स्थापना र राहत वितरण | ०८०/८१-०८२/०८३ | ८००० | ६३०० |

## जोखिम पक्ष तथा अनुमान

नगरक्षेत्रमा प्रत्येक वर्ष देखापर्ने प्राकृतिक जोखिम न्युनीकरणको लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्वन हुने, संक्रमण र महामारीजन्य रोगको बारेमा नगरपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबीच समन्वयात्मक सम्बन्ध बनाउन सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ । विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुनर्स्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ ।

# ६.४ वातावरण संरक्षण

## पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ । वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ । तसर्थ यस नगरपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ ।

## समस्या तथा चुनौती

वातावरण र विकास बीच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धतिको कार्यान्वयन गराउनु, सामाजिक उत्तरदायित्व अन्तर्गत नगरपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनःउत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस नगरपालिकामा समेत रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, सफा, हराभरा हाम्रो ठाकुरबाबा |
| **लक्ष्य** |
| नगरपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने |
| **उद्देश्यहरू** |
| ✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने ।<br>✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने । |

## रणनीति

१. प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने ।
२. समुदाय वा टोलस्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने ।
३. विकास निर्माणको काम गर्दा आ.इ.इ., इ.आइ.ए. प्रकृया पुरा गर्ने ।
४. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने ।

## कार्यक्रमको विस्तृत विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | २०८०/८१-२०८२/८३ | ५०० | २०० |
| २ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | २०८०/८१-२०८२/८३ | १००० | ० |
| ३ | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | परम्परागत उर्जाको प्रयोगलाई क्रमिक निरुत्साहन | २०८०/८१-२०८२/८३ | ३००० | ० |
| ४ | एकीकृत संरक्षण योजना निर्माण | पर्यावरणीय, सामाजिक, सांस्कृतिक धरोहरको संरक्षण | २०८०/८१-२०८२/८३ | ५०० | ० |
| ५ | एक वडा एक हरित पार्कहरूको निर्माण | हरियाली प्रवर्द्धन | २०८०/८१-२०८२/८३ | ७००० | ० |

## जोखिम पक्ष तथा अनुमान

भूउपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **वन तथा भू-संरक्षण** | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१)* | प्रतिशत | ३८.६९ | ४० |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१.१) | प्रतिशत | | |
| | प्रतिफल | वृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | | |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | | |
| | असर | वैज्ञानिक व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | | |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | | |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र ( प्रतिशत) | प्रतिशत | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र | | | |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | प्रतिशत | | |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | प्रतिशत | | |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | प्रतिशत | | |
| २. | **जलाधार व्यवस्थापन** | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | | |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | ० | ३ |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | |
| **३.** | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या (प.दि.वि.ल. ११.५.१.१) | संख्या | | |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको संख्या | संख्या | १० | १५ |
| | प्रतिफल | दमकल संख्या | संख्या | ० | १ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | २ | ० |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | | |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | १०० | १०० |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | ० | ३० |
| **४.** | **वातावरण संरक्षण** | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | ९ | ५ |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | ० | १० |

*स्रोत: ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय*

# परिच्छेद - ७: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ । नगरपालिका र मातहतका कार्यालयहरू नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता सुधारात्मक कार्य भइरहेको छ ।

### समस्या तथा चुनौती

प्रशासनिक र वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्नु, निर्वाचित र मनोनित पदाधिकारी तथा कर्मचारीको आचरण र अनुशासन कायम गर्नु, सेवा प्रवाह सरल, सुलभ र गुणस्तरीय बनाउनु, नागरिक शिक्षा र राजनीतिक चेतनाको विकास र विस्तार गर्नु, विविधता, प्रविधिमैत्री र समावेशी शासनको प्रवर्द्धन तथा सहभागितात्मक शासन पद्धतिको अवलम्बन गर्नु चुनौतीपूर्ण कार्यको रुपमा रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ठाकुरबाबा नगरपालिकाको सरोकार, जनमुखी सरकार |
| **लक्ष्य** |
| सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने |
| **उद्देश्यहरू** |
| ✓ भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु । |

### रणनीति

१. नागरिकमैत्री सेवा प्रणाली प्रर्वद्धन गर्न ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | सेवा प्रवाहको प्रभावकारीता मापन | ०८०/८१-०८२/८३ | ४५० | ० |

| व.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| २ | घुम्ती स्थानीय सरकार कार्यक्रम | सार्वजनिक सेवामा सहज पहुँच | ०८०/८१-०८२/८३ | १२०० | १०० |
| ३ | कर्मचारीमा सूचना प्रविधि सम्बन्धी क्षमता विकास | सेवा प्रवाह छिटो, छरितो | ०८०/८१-०८२/८३ | ५०० | ० |
| ४ | इन्टरनेट स्तरबृद्धि र सेवा विस्तार | सहज, सुलभ र भरपर्दो इन्टरनेट सेवा | ०८०/८१-०८२/८३ | ३५०० | १२०० |
| ५ | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | अद्यावधिक अभिलेख व्यवस्थापन | ०८०/८१-०८२/८३ | २००० | ७०० |
| ६ | न्यायिक समिति क्षमता विकास | न्याय सम्पादनमा प्रभावकारीता | ०८०/८१-०८२/८३ | ३०० | २०० |
| ७ | आन्तरिक नियन्त्रण प्रणाली निर्माण | चुस्त व्यवस्थापन | ०८०/८१-०८२/८३ | ४०० | ३०० |
| ८ | स्थानीय सरकार रेडियो कार्यक्रम | सार्वजनिक सूचना र कामकारवाहि बारे जानकारी प्रदान | ०८०/८१-०८२/८३ | ८०० | २०० |
| ९ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | सार्वजनिक महत्वको सूचनामा सहज पहुँच | ०८०/८१-०८२/८३ | ५०० | ० |
| १० | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास | क्षमता विकास | ०८०/८१-०८२/८३ | ५०० | ३०० |
| ११ | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | विकास निर्माणको प्रगतिबारे अवगत | ०८०/८१-०८२/८३ | ४०० | ० |
| १२ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता वृद्धि | ०८०/८१-०८२/८३ | ४०० | ० |
| १३ | सार्वजनिक सुनुवाइ संचालन | सरोकारवाला पक्षबीच सार्वजनिक महत्वका विषयमा बहस | ०८०/८१-०८२/८३ | १००० | ३०० |
| १४ | सामाजिक परीक्षण | नगरपालिकाको सामाजिक-आर्थिक स्थिति पहिचान | ०८०/८१-०८२/८३ | ७०० | १५० |

## जोखिम पक्ष तथा अनुमान

विकासको प्रतिफल समावेशी र समन्यायिक तवरबाट वितरण गर्न, लक्षित वर्गमा परिवर्तनको महसुस गराउन, समाजमा प्रणाली, शौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भुमिका हुन्छ । नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, जनउत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयिकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरिबबीचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### पृष्ठभूमि

मानवता, मानवहित र सामाजिक न्यायका नीम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकताबारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको सुनिश्चितता गर्ने जिम्मेवारी राज्यको हो । तथापी तहगत सरकार, बहुसरोकारवाला निकाय, संस्था र व्यक्तिको सहभागिता र योगदानबिना मानवअधिकार सामाजिक न्यायको स्थापना हुन सक्दैन ।

### समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कुसंस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापनाको क्षेत्रमा समस्या र चुनौतीका रुपमा रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**दीर्घकालीन सोच**

सामाजिक न्यायपूर्ण समाजको निर्माण

**लक्ष्य**

मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने

**उद्देश्यहरू**

✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु ।

### रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | जोखिममा रहेका समूह र व्यक्तिको पहिचान गर्ने | संरक्षणका उपाय अवलम्बन | २०८०/८१-०८२/८३ | ५० | ० |
| २ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | मनवता विरोधी घटनाको न्युनीकरण | २०८०/८१-०८२/८३ | ८०० | २०० |
| ३ | वडास्तरीय मानव अधिकार सेल गठन | मानव अधिकारको संरक्षण | २०८०/८१-०८२/८३ | १५० | ० |
| ४ | आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | आर्थिक सशक्तिकरण | २०८०/८१-०८२/८३ | ५००० | १५०० |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | मनवअधिकार हननका घटना प्रति संवेदनशिलता वृद्धि | २०८०/८१-०८२/८३ | १५० | ५० |
| ६ | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानुनी सेवा | २०८०/८१-०८२/८३ | ५०० | १०० |

### जोखिम पक्ष तथा अनुमान

मानवअधिकार अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन। सामाजिक वर्ग विभेद, जात व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्तिजनित व्याख्या र कार्यान्यवनले आधारभूत मानवअधिकारको उल्लघंन हुने जोखिम रहन्छ। विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानवअधिकारको संरक्षण हुन्छ।

## ७.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ। यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ। अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ। यी पक्षहरुलाई ध्यानमा राखी तथ्यांक व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ।

### समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ। विश्वसनीय तथ्याङ्क प्रणालीको विकासको लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजस्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम यो क्षेत्रको चुनौतीको रुपमा रहेको छ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको महत्तम प्रयोग मार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्तर दुरुस्त राख्ने |
| **उद्देश्यहरू** |
| स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु। |

## रणनीति

१. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने ।
२. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ.शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | प्रविधिमा आधारित अभिलेख | २०८०/८१-०८२/८३ | ३०० | ३०० |
| २ | अनुगमन वार्षिक कार्ययोजना तयारी | प्रणालीबद्ध अनुगमन | २०८०/८१-०८२/८३ | १५० | ० |
| ३ | करदाता शिक्षा कार्यक्रम | कर सम्बन्धी सचेतना वृद्धि | २०८०/८१-०८२/८३ | २०० | ० |
| ४ | राजश्व सुधार कार्ययोजना कार्यान्वयन | राजस्व संकलनमा सुधार | २०८०/८१-०८२/८३ | २५० | ० |
| ५ | ठूला करदाता सम्मान | कर तिर्न प्रोत्साहन | २०८०/८१-०८२/८३ | २०० | ० |
| ६ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | औपचारिक कारोबारलाई प्रोत्साहन | २०८०/८१-०८२/८३ | ३१० | २०० |
| ७ | नगरपालिकाको आयव्यय नियमित प्रकाशन | पारदर्शी आर्थिक प्रणाली | २०८०/८१-०८२/८३ | ३६० | १०० |

## जोखिम पक्ष तथा अनुमान

प्रमाणमा आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा समन्यायिक लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक शसक्तीकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ । त्यसैगरी सीमित स्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक स्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउछ । तसर्थ, तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्वन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ । तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ ।

### नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | १ | ३ |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | ३ | ९ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | अनुगमन | संख्या | १५० | ५०० |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | ७५ | १०० |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | ७५ | १०० |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | ३ | ९ |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | ४८ | २०० |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | २ | ५ |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | संख्या | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | ३० | १०० |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका | संख्या | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | ० | १ |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्दा संख्या | संख्या | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | संख्या | ५ | १० |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिशत | | |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | प्रतिशत | | |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | | |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | संख्या | | |

*स्रोत: ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय*